Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष- १७, अंक- २५ २०८१ साल माघ २९ गते मंगलबार (Feb 11, 2025) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# अध्यादेश राष्ट्रिय सभाबाट पारित नहुने स्थिति बन्दैछ प्रचण्ड



**काठमाडौं–** माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सरकारले ल्याएका अध्यादेश राष्ट्रिय सभाबाट पारित नहुने बताएका छन् ।

जनकपुरमा सोमबार पत्रकारसँग कुरा गर्दै अध्यक्ष प्रचण्डले अहिलेसम्म जनता समाजवादी पार्टी नेपाल अध्यादेशबारे अडानमै रहेको बताउँदै उनले राष्ट्रिय सभाबाट अध्यादेश पारित नहुने दाबी गरेका हुन् ।

'जसपा अध्यादेशबारे अहिलेसम्म अडिएको छ । मलाई जहाँसम्म लाग्छ उहाँहरु खाली सरकारको निम्ति जानुहुन्छ भन्ने मलाई लाग्दैन', उनले भने,'उहाँहरुले आफ्नो अडान छोड्नु भएन भने राष्ट्रिय सभाबाट अध्यादेश पारिन नहुने स्थिति बन्दैछ ।

अहिले संसदमा पेस भएका अध्यादेशहरु अघि बढ्न नसकी रोकिएको बताउँदै प्रचण्डले सरकारसँग दुई तिहाइ नभएको पनि पुष्टि भएको बताए ।

'अहिले अध्यादेश प्रस्तुत भएपछि रोक्नुपर्ने बाध्यता के भयो भने उनीहरुसँग दुई तिहाई छैन भन्ने देखिंदैछ', उनले थपे, 'त्यसकारण बहुमत पुर्‍याउन पनि उनीहरुलाई गाह्रो भाछ, राष्ट्रिय सभामा ।

उनले संसद बोलाउनुभन्दा केही दिनअघि मात्रै अध्यादेश ल्याउनु नै गलत भएको बताउँदै भूमिसम्बन्धी अध्यादेश झन् गलत भएको बताए ।

संसद बोलाउने बेला अध्यादेश ल्याउनुले सरकार कति कमजोर छ भन्ने पनि प्रमाणित भएको उनको भनाइ छ ।

# त्रिदेशिय विद्युत प्रशारण लाईन अन्तिम चरणमा

■ मोहन कार्की



**काठमाडौं–** नेपाल, भारत र बङ्गलादेशबीच त्रिदेशिय विद्युत प्रसारणलाइन निर्माणको ' मोडालिटी' तय गरिने भएको छ । नेपालबाट भारत र बङ्गलादेशमा सन् २०३५ सम्म १५ हजार मेगावाट विद्युत् निर्यातका लागि आवश्यक प्रसारणलाइन निर्माणका लागि भारतको नयाँदिल्लीमा नेपाल र भारतबीच सचिवस्तरीय बैठकमार्फत मोडालिटी तय गर्न लागिएको हो ।

नेपाल र भारतबीच मङ्गलबार हुने सचिवस्तरीय बैठकमा भाग लिन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यसहितको टोली सोमवार नयाँदिल्ली प्रस्थान गरेको छ। दुई देशको सचिवस्तरीय वार्ता र सहमतिपछि प्रसारणलाइन निर्माणको प्रक्रिया अगाडि बढाइनेछ । यही माघ ९ गते नेपाल र भारत ऊर्जा सहसचिवस्तरीय कार्यदलको १२ औं बैठकमा अन्तरदेशीय प्रसारणलाइन निर्माण र विद्युत् आयात तथा निर्यातलाई थप सहज बनाउने सहमति भएको थियो ।


सोही सहमति दुई देशबीचका सचिवस्तरीय बैठकले अनुमोदन गरेपछि कार्यान्वयनमा आउने मन्त्रालयका प्रवक्ता सन्दीपकुमार देवले जानकारी दिए । उक्त बैठकमा नेपाल र भारतबीचको मौजुदा विद्युत् प्रसारण लाइनहरु, निर्माणाधीन तथा प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनहरु, भारतीय लगानीका विभिन्न जलविद्युत् आयोजनाहरु तथा सम्बद्ध प्रसारण लाइन आयोजना र अन्तरदेशीय विद्युत् आयात-निर्यातका विषयमा छलफल भएको थियो । नेपालको इनरुवादेखि भारतको पूर्णिया र नेपालको दोदोधारादेखि भारतको बरेलीसम्म ४०० केभीका दुई प्रसारण लाइन निर्माण कार्य सन् २०३० सम्म सम्पन्न गर्ने सहमति भएको छ ।

उक्त प्रसारण लाइन नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेसन लिमिटेडको शेयर स्वामित्व रहनेगरी दुवैतर्फ संयुक्त कम्पनी स्थापना हुनेछ । दुई देशबीचको सम्झौतापछि नेपालतर्फ रहने संयुक्त कम्पनीमा नेपालको ५१ प्रतिशत र भारततर्फ रहने कम्पनीमा भारतको ५१ प्रतिशत शेयर स्वामित्व रहनेछ। दुवैतर्फका कम्पनीमा बाँकी ४९ प्रतिशत शेयर स्वामित्व अर्को देशको रहने व्यवस्था हुनेछ । यसैगरी, चमेलिया-जौलजीवी २२० केभी डबल सर्किट प्रसारण लाइनको डिपिआर सन् २०२५ सम्म सम्पन्न गरिने सहमति भईसकेको छ ।

य स त ै ,

» बाकी ६ पृष्ठमा

# क्यान्सर र वंशाणुगत जोखिम परिवारमा सर्न सक्ने सम्भावना कति



**काठमाडौं–** क्यान्सर एक गम्भीर स्वास्थ्य समस्या हो, जसको विभिन्न कारणहरू हुन सक्छन् । केही अवस्थामा, क्यान्सर वंशाणुगत रूपमा सर्न सक्ने देखिएको छ, तर यो सबै अवस्थामा लागू हुँदैन । वंशाणुगत आनुवंशिक परिवर्तनका कारण क्यान्सरको जोखिम बढ्न सक्छ, जसका कारण केही परिवारमा यो रोग पुस्तौंसम्म देखापर्न सक्छ ।

विशेषज्ञहरूका अनुसार, पारिवारिक क्यान्सर सिन्ड्रोमले केही व्यक्तिहरूमा क्यान्सरको सम्भावना वृद्धि गराउन सक्छ । यस्तो अवस्थामा, परिवारका सदस्यहरूले उही व्यवहारिक ढाँचाहरू अनुसरण गर्नाले, धूम्रपान, अस्वस्थ खानपान, प्रदूषित वातावरण तथा अन्य जोखिमयुक्त कारकहरूको सामान्य सम्पर्कका कारण क्यान्सरको जोखिम झनै बढ्न सक्छ ।

सबैलाई आनुवंशिक क्यान्सर हुने भन्ने छैन, तर त्यस्ता व्यक्तिहरू, जसको परिवारमा क्यान्सरको इतिहास छ, उनीहरू बढी जोखिममा रहन्छन् । यस्तो अवस्थामा, आनुवंशिक परीक्षण गराउनु लाभदायक हुन सक्छ । विशेषज्ञहरूका अनुसार, साधारण रगत परीक्षणमार्फत नै क्यान्सरको आनुवंशिक जोखिम निर्धारण गर्न सकिन्छ ।

विशेषज्ञहरूको सुझाव अनुसार, परीक्षण गर्नु अघि आनुवंशिक चिकित्सकसँग परामर्श लिनु उपयुक्त हुन्छ । परीक्षणपछि यदि जोखिम देखिएमा, क्यान्सर विशेषज्ञहरूले आवश्यक रोकथामका उपायहरू अपनाउन सल्लाह दिन सक्छन् । समयमै सतर्कता अपनाएमा, क्यान्सरको जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

# विपिन जोशीको रिहाइका लागि सभामुखको विशेष पहल, दुबईका व्यवसायी

**काठमाडौं –** प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले अरब संसदका अध्यक्ष मोहम्मद अहमद अल-यमाअीलाई हमास द्वारा बन्धक गरिएका नेपाली विद्यार्थी विपिन जोशीको शीघ्र रिहाइका लागि पहल गर्दै पत्र लेखेका छन् ।

यो पहललाई सफल बनाउनको लागि दुबइमा रहेका युवा व्यवसायी रिजवान आलमको महत्वपूर्ण भुमिका रहेको छ ।


नेपाल सरकारले विपिन जोशीको रिहाइका लागि अन्तर्राष्ट्रिय कूटनीतिक प्रयास थालेपछि लामो समयदेखि अरब मुलुकहरूसँग सम्बन्ध राख्दै आएका आलमले त्यहाँका उच्च अधिकारीहरूसँग नजिकको सम्बन्ध भएका



कारण यो मुद्दामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

नेपालका केही उच्च

» बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २५, २०८१ साल माघ २९ गते मंगलबार (Feb 11, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

# बजारभाउ नियन्त्र होस् ।

*नेपालमा वार्षिक बजार मूल्य बढ्दो छ । आम्दानी घट्दो छ । सरकारले पत्येक वर्ष बजार मूल्य प्रक्षपण गर्दा ७ प्रतिशत भन्दा माथि हुन नदिने बजेट भाषाणमा गर्दै आएको छ । तर व्यवहारमा त्यो कार्यन्वयनमा आउन सकेको छैन ।*

*कुनै वर्षमा त झण्डै १७ प्रतिशतसम्म मूल्यबृद्धि हुदै आएका घ्टनासमेत छन् । त्यसकारण सरकारले बजार भाउलाई नियन्त्रमा राख्न जरुरी छ । मानिसहरुको जिवनमा अभाव र तनाव उत्पन्न गराउने बजारभाउ पनि एक हो ।*

*मानिसहरुले आफ्नो जिविको पार्जन गर्न नसकेपछि अन्यत्र सरुवा जाने बैकल्पिक बाटोहरु अपनाउने गर्दछन् । नेपालका गाउँहरु शहरबाट समेत देश छाडेर हिडेका उदारणहरुले पनि यहि बिम्वित गरेको छ ।*

*सरकारले यस्ता विषयमा अध्ययन गरेर न्युनतम् मानिसले बाच्न पाउने आर्थिक आम्दानीको स्रोत परिचान गरी लगानीको वातावरण बनाउनु पर्ने हुन्छ । त्यो सकिदैन भने बजार भाउलाई कसरी नियन्त्रण गर्ने भन्ने विषयमा पनि योजना बनाएर बजारभाउ नियन्त्रण गर्न सक्नुपर्छ ।*

*यदि त्यस्तो गर्न सकिएन भने नेपालका नेपालीहरुको अवस्था दिनानु दिन झनै खस्कदै जाने र विदेश पलायन झनै डरलाग्दो अवस्थाबाट बढ्ने देश खाली हुने खतरा बढ्दै गईरहने निरन्तरता हुनेछ ।*

*त्यसकारण सक्दो रोजगार सृजना हुने खालका कामहरु सरकारले गर्ने बजारभाउ नियन्त्रण तत्कालै गर्न सकिने जति नियन्त्रण गरेर जनतालाई तनवाहुनबाट जोगाउन सक्नुपर्छ ।*

# लोकतन्त्र-गणतन्त्र "मेरो गोरुको बाह्रै टक्का" होइन



रमेशकेशरी वैद्य

*राज्य यसमा केन्द्रित हुनुपर्छ। आयातीत सामानमा नियन्त्रण र स्वदेशी सामानमा प्रोत्साहन दिने, बेरुजु रकममा ध्यान दिने, सुस्त व्यवसायलाई उदार नीति अपनाई करलाई कम गर्नेजस्ता कुरामा राज्य गम्भीर हुनु जरुरी छ, नकि जथाभावी कुरा गरेर अल्झिराख्ने हो।*

हेर्दा-हेर्दा मुलुकमा लोकतन्त्र, गणतन्त्र आएको पनि पाँच दशक हुन लागिसक्यो। तर मानिसलाई यसको पूर्ण आभास भएन । एक हिसाबले यस अवधिमा केही विकास त भयो, साथै मानिसको लाइफ स्टाइल अलि फरक भयो, जुन भनिराख्नुपर्ने कुरा होइन। तर भात, दाल, तरकारी खाँदा नुन-मसलाको कमीजस्तो मानिसले अनुभव गरे।

अर्को कुरा, औसतमा मानिसले लुगा लगाउँदा के नमिले-नमिलेजस्तो आभास गरिराखेका छन्। यसबाहेक औसतमा मानिसले दालभात, तरकारी सस्तोमा खान नपाउनु, एउटा सवारीसाधन किन्दा भारतको भन्दा पाँच दोब्बर मूल्यमा पैसा तिरी किन्नुपर्ने हुनु, रोजगारको लागि विदेशमा नचाहेरै जानुपर्ने बाध्यता हुनु, सरकार ठूलो हुनुको कारण कसिएको जुत्तालाई नचाहेर दुखे पनि मानिसले प्रयोग गर्नुपर्ने हुनुजस्ता कुराले गर्दा मानिसले उकुसमुकुसको जीवन अनुभव गर्नुपरेको छ।

यसको खास कारण सानो देश भए तापनि ठूलो सरकारलाई सेट गर्नुपर्ने, व्यक्तिगत धनी हुनुपर्नेजस्ता कुरा हुन् । यसले गर्दा लोकतन्त्र आए पनि देशको लागि घाँडो भएको अनुभूति भएको छ र घाँटीमा अड्केको मासुजस्तो भएको छ । यसलाई चाहेर पनि निकाल्न सकिराखेको छैन, न सरकारले, न त बुद्धिजीवीले, न त समाजले । आ-आफ्ना ठाउँमा सबै लोभी, स्वार्थी, दुष्टजस्तो भइराखेका छन् । अब यस्तो समस्यालाई बदलेर देशको मुहार फेर्ने हो भने सबै पक्ष बदलिनुपर्छ, नत्र भने मुलुक सधैं यस्तै हो, जसको कष्ट हाम्रा आउने पुस्ताले भोग्ने हुन्, जुन सबैले सोच्नु आजको जरुरी कुरा हो।

देश अहिले पनि गफ, गाली, कलहमा अल्झिराखेको छ । यदि देशलाई साँच्चै सुधार्ने हो भने राज्यमा भएका प्रधानमन्त्री, कानुन, निकाय, समाज सबै ढिड नभई लालच, स्वार्थ, घमण्डलाई त्यागेर बदल्न जरुरी छ। अनि मात्र मुलुक राम्रो हुने हो। अहिलेको परिप्रेक्ष्यमा धेरै सरकारी कर्मचारी, भत्ता, गाडीहरु नै देशको ठूलो चुहावट हो भन्न सकिन्छ । समग्रमा भन्नुपर्दा सबभन्दा ठूलो सरकार नै सबैको लागि घाँडो बनेको छ । यसपछि भ्रष्टाचार र सहकारी समस्या पनि राज्यले कम गर्न सकिराखेको छैन। कारण एउटै कुरा रेकर्ड कोरिएसरह दोहोरिइराखेका छन् । जबकि यस्ता कुरालाई युद्धविरामजस्तै पेन्डिङमा राखेर राज्य र समाजका अरु समस्या र देश बनाउनतिर लाग्नुपर्नेजस्तो देखिन्छ, जुन हाम्रो देशमा सुस्त पाराले चलिराखेको छ । जस्तै- महँगी, रोजगार, अधुरा राजमार्ग, तुइन समस्या आदि कुरामा सबै मिली जोड गर्नुपर्छ।

देशमा थरी-थरीका समस्या थोपरिहेका छन्। यसलाई सुधार गर्नेतर्फ प्रायः देश चलाउने निकायहरु सुस्त देखिएका छन्, जसले गर्दा मुलुक ढलजामले मानिसलाई दुःख दिएको जस्तै भइराखेको छ। देशमा विदेशी ऋण मात्र करिब २५ खर्ब पुगिसकेको छ । यो हुनुको कारण संघीयता र ठूलो सरकार पाल्न अनि केही पूर्वाधारको विकासक नै हो। हाम्रो जस्तो मुलुकमा न यत्रो सरकारी कर्मचारीको काम छ, न हामीलाई विदेशीको विकाससँग प्रतिस्पर्धा गर्नुपरेको छ। तर देश चलाउनेहरु स्टनबाजीले गर्दा यस्ता कुरामा किन फसिराखेका छन् ? यस्ता कुराले सर्वसाधारणलाई अचम्म तुल्याइराखेका छन्। तैपनि यस्तो अवस्थामा देश चलाउनेहरु बदलिन चाहेनन्, जबकि राज्यले सोच्नुपर्ने कुरा भनेको नै बेरोजगारलाई रोजगारको वातावरण बनाइदिने, महँगीलाई नियन्त्रण गरेर मानिसको जीवनलाई सरलीकरण बनाइदिने हो।

यो देशमा नाम एउटा मात्र लोकतन्त्र-गणतन्त्र छ, तर मानिसहरु ठूला सरकारहरुको हर्कतले गर्दा उकुसमुकुस भएका छन्। न त मानिसको समस्या सरकारको कानसम्म पुग्न सकिराखेको छ। उद्योग व्यवसाय, कृषि, बेरुजु रकम, अचाक्ली कर, सामानहरुको आयातमा नियन्त्रणजस्ता कुरामा सरकारहरु पङ्गु भएका छन्। यहाँसम्म कि जनताको सहकारी समस्याजस्ता कुराका लागि पनि कडा भएर सहकारी पीडितहरुलाई मद्दतसम्म गर्न सकिराखेको छैन। यस्ता देश चलाउने सरकारहरुलाई के भन्ने ? यसलाई नेपालीहरुको राम्रो दिन नआउनु र नेपालीहरुको कर्म नै खराब मान्न सकिन्छ।

देश चलाउनेहरुले सोझा नेपालीको कमजोरीको फाइदा उठाई लोकतन्त्र-गणतन्त्रलाई 'मेरो गोरुको बाह्रै टक्का' सम्झनुहुँदैन । किनकि गलत कर्मको गलत नै इन्तिजाम हुनेछ। नेपाली जनताले अब खाली पर्खने र हेर्ने मात्र बाँकी छ। स्मरण रहोस्, दिन एकनासको हुँदैन। समग्रमा भन्नुपर्दा अब देशलाई कसरी विदेशी ऋणमुक्त गर्ने, कसरी भ्रष्टाचार कम गर्ने, राष्ट्रधनलाई कसरी बचाउने, कसरी सरकारी कर्मचारी एवं सवारीसाधनहरु कम गर्ने ? कसरी युवापुस्तालाई विदेश जानबाट रोक्ने ? राज्य यसमा केन्द्रित हुनुपर्छ।

आयातीत सामानमा नियन्त्रण र स्वदेशी सामानमा प्रोत्साहन दिने, बेरुजु रकममा ध्यान दिने, सुस्त व्यवसायलाई उदार नीति अपनाई करलाई कम गर्नेजस्ता कुरामा राज्य गम्भीर हुनु जरुरी छ, नकि जथाभावी कुरा गरेर अल्झिराख्ने हो। हुन त देशमा विकास नभएको पनि होइन, तैपनि राम्रा कुरामा विकास हुन सकेन। यसमा सबै पक्ष दोषी छन्। सरकारी निकाय, व्यवसायी, मानिसहरु पनि अल्छी, असन्तोषी, स्वार्थी, लोभी, चाकडीबाज र अल्लड छन्। यस्तो बेलामा राज्य नै कडा भएर राम्रो भिजन अपनाई अघि बढ्नुपर्छ, नत्र भने सर्वसाधारण जनताले कसको मुख ताक्ने ?

# खन्टे खलास नामबाट परिचित हेमराज अधिकारीको कलाकारिता यात्रा



**काठमाडौं–** कलकारिता क्षेत्रमा निकै चर्चामा आएका खन्टे खलास नामले परिचित हेमराज अधिकारी एक प्रतिभाशाली कलाकार हुन्, जसले आफ्नो अभिनय र सृजनशीलता मार्फत नेपाली कलाकारिता क्षेत्रमा छुट्टै पहिचान बनाएका छन् ।

हेमराज अधिकारी पछिल्लो समय सामाजिक सञ्जाल फेसबुक, टिकटक र फेसबुक रिल्स जस्ता प्लेटफर्ममा आफ्नो विषय बस्तुका भिडियोहरू सेयर गरेर धेरै चर्चामा आएका छन् । विशेष गरी, उनले समसामयिक विषय वस्तुमा आधारित समालोचनात्मक र मनोरञ्जनात्मक भिडियोहरू बनाईकन धेरै दर्शकहरूको मन जितेका हुन् । उनका भिडियोहरू अहिले व्यापक रूपमा भाइरल भएका छन् भने उनलाई सामाजिक मिडियामा एक चर्चित व्यक्तित्व बनाएको छ ।

जन आकाश मिडियाका संवाददाता विनोद कार्कीसँगको कुराकानीमा, हेमराज अधिकारीले आफूलाई अझ राम्रो बनाउन र नेपाली कलाकारितामा नयाँ आयाम थप्न निरन्तर प्रयासरत रहेको बताएका छन् । उनी यो पनि बताउँछन् कि नेपाली कलाकारिता क्षेत्रमा भविष्य बनाउन अझ बढी मेहनत र समर्पण आवश्यक छ ।

उनी कलाकारिता क्षेत्रमा लाग्दा धेरै चुनौतीहरूको सामना गर्नुपरेको बत्ताउँछन् । कुनै बेला स्टेजमा गएर कलाकार धुर्मुस सुन्तलीलाई भेट्न खोज्दा आयोजकले जान नदिएको, कलाकारिता क्षेत्रमा लाग्दा कति दिन भोकै बस्नु परेको बताउँछन् ।

उनले कलाकारिता क्षेत्रमा लागेपछि आफूले धेरै कठिनाइहरूको सामना गर्नुपरेको बताउँछन् । हेमराज अधिकारीको प्रमुख पहिचान नेपाल टेलिभिजनबाट प्रसारण हुने प्रसिद्ध सिरियल भद्रगोबाट सुरु भएको हो । उनको यस सिरियलमा खन्टे खलासको भूमिकामा अभिनय गरेका थिए, जसले उनलाई सम्पूर्ण नेपाली दर्शक वर्गमा लोकप्रिय बनायो । तथापि, हेमराज आफैँले स्वीकार गरेका छन् कि नेपाली कलाकारिता क्षेत्रमा जीवन यापन गर्न सजिलो छैन । उनले भने, कलाकारिता क्षेत्रमा लागेर जीवन चलाउन त्यति सजिलो छैन, र नेपालको कलाकारिता क्षेत्रको भविष्य पनि त्यति राम्रो छैन ।

उनले यस चुनौतीपूर्ण यात्रामा भने, कलाकारिताको नसा यस्तो लाग्यो कि छोड्न पनि नसकिने र गर्न पनि नसकिने जस्तो भएको छ । मैले अनेकौं चुनौतीहरूको सामना गर्दै यो क्षेत्रमा लागे भोलिको दिनमा कहाँ पुग्छु थाहा छैन भन्दै जन आकाश मिडियासँग बत्ताउँछन् ।

# शान्ति आधारभूत विद्यालयको ६८ औं वार्षिकोत्सव सम्पन्न




**पोखरा–** पोखरा महानगरपालिका, वडा नं. ३०, शिशुवास्थित शान्ति आधारभूत विद्यालयको ६८ औं वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दुर्गादत्त अधिकारीको अध्यक्षतामा वसन्त पञ्चमीको दिन भएको कार्यक्रमका प्रमुख अतिथि वडा नं. ३० वडा अध्यक्ष दुर्गाप्रसाद सुवेदीले विद्यालयको प्रगतिप्रति सन्तोष व्यक्त गरे । उनले विद्यालयको विकासका लागि वडाका तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।

शिक्षा असल भए मात्र समाज असल मार्गमा जाने बताउँदै सुवेदीले वडा नम्बर ३० को नमुना विद्यालयका रूपमा शान्ति आविको विकास भएको हेर्न चाहेको धारणा राखे ।

कार्यक्रममा शिक्षा महाशाखाका वरिष्ठ शिक्षा अधिकृत बद्रिनाथ सुवेदीले विद्यालयको विकासका लागि शैक्षिक र व्यवस्थापकीय नेतृत्वको समर्पणभाव हुनुपर्ने उदाहरण शान्ति आविले प्रस्तुत गरेको बताए । उनले विद्यालयको प्रगति यही गतिमा हुँदै गएमा शान्तिले आफूलाई छिटै आविबाट माविमा परिणत गर्ने दिन आउने आँकलन गरे ।

विद्यालयका प्रधानाध्यापक मनिराम कडेलले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयमा नियमित पठनपाठनलाई प्रविधियुक्त बनाउँदै विद्यार्थीका प्रतिभा उजागर गर्ने खालका गतिविधिमा जोड दिइएको जानकारी दिए । उनले विद्यालयले विभिन्न असल अभ्यास गर्दै आएको विवरणसमेत प्रस्तुत गरे । वि. सं. २०१३ मा स्थापित विद्यालयमा हाल कक्षा ८ सम्म २०१ जना विद्यार्थी अध्ययनरत रहेको प्रधानाध्यापक कडेलले जानकारी दिए ।

वडा सदस्य तथा विद्यालय व्यवस्थापन समितिका सदस्य विनोद प्रसाद लामिछानेले शान्ति आधारभूत विद्यालय वडा नम्बर ३० को गौरव भएको बताए । उनले विद्यालयको विकासका लागि आफू जुनसुकै त्याग र पहल गर्न तयार रहेको भनाइ राखे ।

कार्यक्रममा शान्ति आवि वर्ष सम्मान २०८१ बाट शिक्षकहरू मेनसुबा गुरुङ र सरस्वती गौतमलाई सम्मान गरिएको थियो । त्यसै गरी विद्यालयलाई विभिन्न सहयोग गर्ने भरत सुनार, सरुण गुरुङ, मीना सुवेदी, माया रानाभाट, भुवानीप्रसाद सुवेदी र कविता भुसाललाई सम्मान गरिएको थियो ।

सोही कार्यक्रममा महिला नेतृ विन्दुकुमारी भण्डारीले ५५ हजार रुपियाँको छात्रवृत्ति अक्षयकोषका लागि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दुर्गादत्त अधिकारीलाई चेक हस्तान्तरण गरिन् । उनले कोषमा समयअनुकूल रकम थप गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरिन् ।

विद्यालयका सल्लाहकार लक्ष्मीप्रसाद त्रिपाठी, शिक्षक अभिभावक सङ्घका पूर्व अध्यक्ष नन्दबहादुर गुरुङ, नवज्योति सनत दुर्गा आविका प्रअ लीलामणि त्रिपाठी, कालिका मावि, पोखरा ३३ का प्रअ रुपिन्द्र प्रभावी, अभिभावक उत्तम तिवारी, नेकपा माओवादी वडा नं. ३० का उपाध्यक्ष जीवन ढकाल, विद्यार्थी दिया नेपालीलगायतले शुभकामना दिएका कार्यक्रममा विव्यस सदस्य गङ्गाराम तिमिल्सिनाले धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रमको सञ्चालन शिक्षिका विमला शर्माले गरेकी थिइन् ।

२०८० को वार्षिक शैक्षिक पुरस्कार, टीकाराम बास्तोला छात्रवृत्ति, खेलकुद प्रतियोगिताका विजेतालाई पुरस्कार वितरण गरिएको कार्यक्रममा विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुति राखेका थिए ।

# रामेछाप डायरी

## रामेछाप महोत्सवः न दर्शक तान्यो, न व्यापार, २४ वटा स्टल रित्तो



रामेछाप उद्योग वाणिज्य संघको आयोजनामा माघ १६ गतेदेखि शुरु भएको 'रामेछाप कृषि, पर्यटन, औद्योगिक मेला प्रदर्शनी, २०८१' प्रायः सुनसान देखिन्छ । महोत्सव शुरु हुने केही दिनअघि मात्रै पत्रकार सम्मेलन गरी यस वर्षको महोत्सवमा ५० हजार दर्शक भित्र्याउने उद्घघोष गरेको रामेछाप उद्योग वाणिज्य संघको आँकलन अहिले अपेक्षित दर्शकको उपस्थिति नहुँदा निरर्थक बन्ने निश्चित देखिन्छ ।

माघ १६ देखि शुरु भएको यो महोत्सव २६ गतेसम्म चल्ने महोत्वसमा सदरमुकाम मन्थली बजार आसपास बाहेक अन्य क्षेत्रका स्थानीय नागरिकहरुको उपस्थिति देखिँदैन । सदरमुकाम मन्थलीमा आन्तरिक तथा बाह्य दर्शक भित्र्याएर आर्थिक गतिविधि चलायमान गराउने उद्देश्यका साथ संघले सञ्चालन गरेको महोत्वसले राम्रो व्यापार गर्न नसक्दा .लगानी समेत खेर जाने निश्चित भएको छ ।

विगत वर्षहरुको अनुभवबाट सिकेका कुराहरुलाई ध्यानमा राखेर यो वर्षको महोत्सव नयाँ ढंगले अघि बढाउने रामेछाप उद्योग वाणिज्य संघका अध्यक्ष नवीन थापा मगरले बताएका थिए । तर महोत्सवले राम्रो व्यापार गर्न नसक्नु र स्टलहरु समेत खाली रहनुले संघको पूर्वतयारी राम्रो भएको नदेखिएको स्थानीयले बताएका छन् ।

भाडामा लगाउन निर्माण गरिएका २४ वटा स्टल खाली छन् । नीजि लगानीमा आधा दर्जन भन्दा बढी स्टलहरु भाडामा लागेका छैनन् । उद्योग वाणिज्य कार्यालय रामेछाप र प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यालयले भाडा तिरेर आफ्नो मातहतका समुहलाई करिब २० वटा स्टलहरु व्यापार गर्न दिएको छ ।

स्थानीय तहको सहयोगमा निःशुल्क स्टल उपलब्ध गराएको संघले स्टलमा बस्ने एक जनालाई बिहान, बेलुका खानाको व्यवस्था गरेको छ भने कृषि उपज ल्याउनेलाई ५ सय रुपैयाँ भत्ता समेत दिनेछ । संघको प्रारम्भिक जानकारीअनुसार महोत्सवमा करिब २५ देखि ३० लाख रुपैयाँ लगानी हुनेछ । तर महोत्सवले आशातित व्यापार गर्न नसक्दा र दर्शक तान्न नसक्दा लगानी डुब्ने निश्चित जस्तै भएको छ ।

व्यापार नहुँदा व्यापारीहरु चिन्तित

महोत्सवले दर्शक तान्न नसकेपछि व्यापार नहुँदा व्यापारीहरु चिन्तित भएका छन् । महोत्सवमा स्टल भाडामा लिएर कपडा व्यवसाय गरिरहेकी मन्थली नगरपालिका वडा नं. १ बसपार्ककी सरस्वती शर्माले महोत्सवले दर्शक तान्न नसक्दा व्यापार पनि नभएको बताउनुभयो । उहाँले भन्नुभयो,'हप्ता दिन भयो १०/१२ हजार रुपैयाँ भन्दा बढी व्यापार हुन सकेको छैन । सबै स्टल खाली छन् । भाडा तिर्ने पैसा पनि नउठ्ने भयो ।'

यस्तै, रुपाकोट मौरी पालन कृषि समुहका केडी श्रेष्ठले पनि महोत्सवमा मान्छे नहुँदा राम्रो व्यापार नभएको बताउनुभयो । महोत्सवमा व्यापार गर्न आउनुभएकी शैलुङ किवी फर्मकी सञ्चालक कान्छी लामाले पनि व्यापार नभएको र घरको काम छाडेर आउनु मात्रै पर्यो भन्दै पश्चाताप व्यक्त गर्नुभ्यो । बिक्री गर्न ल्याएको सबै किवी घामले सुकिसकेको भन्दै उहाँले बिक्री नभएको बताउनुभयो । उहाँले भन्नुभयो 'सबै किवी घाममा डडिसक्यो, व्यापार छैन । अमिलो भइसक्यो । के गर्नु घरको काम छोडेर आइयो ।'

## रामेछापको मानेडााडामा बुद्धको मूर्ति अनावरण



रामेछापको रामेछाप नगरपालिका वडा नं ८ मानेडाँडामा बुद्धको मूर्ति अनावरण गरिएको छ । बुधबार रामेछाप नगरपालिका प्रमुख लबश्री न्यौपाने र बौद्ध धर्मका गुरु टुल्कु साङ्गे शेडुब तेन्जीन ठिन्ले पालश्याङपो रिन्पोक्षले संयुक्त रुपमा मूर्ति अनावरण गर्नुभयो ।

धर्म गुरु रिन्पोक्षले बुद्ध मूर्ति प्राणप्रतिष्ठा,छेवाङ तथा टाप्चे गर्नुभयो । रामेछाप नगरपालिकाको १५ लाख र स्थानियबाट सहयोग संकलन भएको १५ लाख गरी ३० लाखको लागतमा बुद्धको मूर्ति निमार्ण भएको हो ।

बुद्धको मूर्ति सँगै वरिपरि घेराबारमा ३० लाख रुपैया खर्च भएको वडा नं ८ का वडाअध्यक्ष सन्तोष कुमार तामाङ्गले जानकारी दिनुभयो । उपभोक्ता समिति मार्फत बुद्धको मुर्ति निर्माण तथा अनावरण कार्यक्रम भएको हो ।

# नागढुंगा सुरुङमार्गको भौतिक प्रगति ८५ प्रतिशत



काठमाडौं- काठमाडौं उपत्यका भित्रिने सवारीसाधन सहजीकरणका लागि निर्माणाधीन नागढुंगा सुरुङमार्ग आयोजनाको भौतिक प्रगति ८५ प्रतिशत पुगेको छ ।

आयोजनाले सार्वजनिक गरेको पछिल्लो तथ्यांक अनुसार यो आयोजनाको भौतिक प्रगति ८४.९६ प्रतिशत पुगेको छ । वित्तीय प्रगति भने ७६.६८ प्रतिशत पुगेको आयोजनाले जनाएको छ ।

आयोजना निर्देशक ज्ञानेन्द्रकुमार झाका अनुसार आयोजना अन्तर्गत सुरुङ ब्रेक थ्रु भई अन्य काम भइरहेका छन् ।

अन्डरपास, बक्स कल्भर्ट र ओभरपास निर्माणको काम समेत सम्पन्न भइसकेको छ । आयोजना अन्तर्गत तीन वटा पुल अन्तर्गत बनिसकेका छन् । अब फ्लाइओभरको काम जारी छ ।

यो फ्लाइओभरको काम ९५ प्रतिशत निर्माण सम्पन्न भइसकेको आयोजनाले जनाएको छ । टनेलभित्र फिनिसिङको काम जारी छ । जसले गर्दा भौतिक प्रगति ८५ प्रतिशत हाराहारी देखिन्छ ।

त्यस्तै मेन टनेलको ब्रेक थ्रु १५ अप्रिल २०२४ मा भएको थियो । उद्धार टनेलको ब्रेक थ्रु भने ७ अगस्ट २०२३ मा गरिएको थियो ।

यो आयोजनाको अध्ययन सन् २०१४ मा भएको थियो । ०१६ मा स्रोत सुनिश्चित भएपछि २०१७ मा डिजाइनको काम सुरु भएको थियो । जापानी ठेकेदार कम्पनी हाजमा-आन्दो जेभीले यस आयोजनामा काम गरिरहेको छ । यो कम्पनी कोटेश्वर-सूर्यविनायक खण्ड विस्तार तथा बीपी राजमार्ग निर्माणमा समेत सफल भएको थियो ।

नागढुंगा सुरुङमार्गको डिजाइन जापान सरकारको सहयोगमा भएको हो । करबाहेक साढे १३ अर्ब रुपैयाँमा यो आयोजनाको ठेक्का लागेको हो ।

सुरुङसम्म पहुँचमार्गका लागि गुर्जुधारा चोक र सुरुङको मुख नजिकै फ्लाइओभर बनाइएको छ । गुर्जुधाराको फ्लाइओभर ६ सय १० मिटर लामो छ । सुरुङमार्ग र पहुँचमार्ग समेत गरी कुल लागत भने २२ अर्ब रुपैयाँभन्दा माथि छ ।

# ज्योति विकास बैंकको स्वतन्त्र सञ्चालकमा रेशम राज रेग्मी नियुक्त




**काठमाडौं–** ज्योति विकास बैंक लि. को मिति २०८१ साल माघ २३ गते बसेको सञ्चालक समितिको ५०९ औं बैठकले बैंकको स्वतन्त्र सञ्चालकमा रेशम राज रेग्मीलाई नियुक्त गरेको छ।

मिति २०८१ साल माघ २३ गते देखि लागु हुनेगरी यस विकास बैंकको स्वतन्त्र सञ्चालकमा नियुक्त हुनुभएको हो। वरिष्ठ अधिवक्ता रेशम राज रेग्मीको नेपाल राष्ट्र बैंकमा करिब २५ वर्ष विभिन्न कार्यक्षेत्रमा कार्य अनुभव पनि छ। कानून विषयमा स्नातकोत्तर गरेका रेग्मीले नेपाल सरकार अन्तर्गत विभिन्न क्षेत्रमा पनि कानूनी सल्लाहकारका रूपमा योगदान दिँदै आउनुभएको छ।

अध्यापकको रूपमा पनि विभिन्न शैक्षिक संस्थाहरूमा आवद्ध हुनुहुन्छ। नेपाल मध्यस्ता परिषदको आजीवन सदस्य रहनुभएका रेग्मीले संस्थागत सुशासन, एएमएल तथा समग्र बैंकिङ्ग क्षेत्रको विषयमा विशेषज्ञता हासिल गर्नुभएको छ। रेग्मीले बैंकिङ्ग कानून तथा संस्थागत सुशासन सम्बन्धि पुस्तक प्रकाशित गर्नुका साथै विभिन्न रिसर्च पेपरहरु एवम् जर्नलहरुमा आलेख प्रकाशित गर्नुभएको छ।

रेशम राज रेग्मीको लामो कार्य अनुभव तथा विषयगत कुशलता र दक्षताले यस बैंकलाई थप सबल तथा सफलता उन्मुख मार्गदर्शन प्रदान गर्ने विश्वास बैंकले लिएको छ।

संस्थागत सुशासनलाई शिरोपर गर्दै, समाजप्रति उत्तरदायी यस विकास बैंकले नवीनतम चिन्तनका साथ समाजको अभ्युदय र दिगो परिवर्तनको संवाहक बन्दै समस्त नागरिकको जीवन जाज्वल्यमान बनाउने उद्देश्यलाई सदैव उच्च प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र आगामी दिनहरू पनि परिवर्तनको ज्योति बन्ने अठोट प्रति प्रतिबद्ध रहेको छ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति थप उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ।

स्वस्थ्य र सुदृढ जनशक्ति नै राष्ट्र निर्माणको मेरुदण्ड हो भन्ने दृढ मान्यतालाई शिरोधार्य गर्दै, यस विकास बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षा गर्न चालेको स्पष्ट पहलकदमी तथा योगदानले ५१ वटा न्यानो नानी मार्फत हरेक वर्ष १८८७ भन्दा बढी नेपाली शिशुहरुको अमूल्य जीवन रक्षा गर्न सफल भएको छ।

यस्ता जीवन रक्षण गर्ने अतिप्रमुख क्षेत्रमा नेपालमा रहेका बैंक तथा वित्तीय संस्थाहरू मध्ये ज्योति विकास बैंकले अग्रस्थानमा रही काम गर्दै समाजमा एक सकारात्मक परिवर्तनको बीजारोपण गरेको छ।

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको २१औं वार्षिकोत्सव सम्पन्न

**काठमाडौं–** नेपाल टेलिकमले आफ्नो स्थापनाको २१औं वार्षिकोत्सव कार्यक्रम २०८१ माघ २२ गते सम्पन्न गरेको छ।

कम्पनीको केन्द्रीय कार्यालयका साथै विभिन्न प्रादेशिक निर्देशनालय तथा दूरसञ्चार कार्यालयहरुमा उक्त कार्यक्रम सम्पन्न भएको हो।

कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित समारोहमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवम् कम्पनी सञ्चालक समितिका अध्यक्ष राधिका अर्यालले अध्यक्षता गर्नुभएको थियो।

समारोहमा कार्यक्रमका प्रमुख अतिथि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले वार्षिकोत्सवको अवसरमा शुभकामना व्यक्त गर्नुहुँदै नेपाल टेलिकम सरकारको स्वामित्वमा रहेका सार्वजनिक संस्थान मध्येकै सबैभन्दा गौरवशाली इतिहास बोकेको संस्था भएको उल्लेख गर्नुभयो। मन्त्री गुरुङले हाल दूरसञ्चार क्षेत्रमा बढ्दो चुनौतीसँगै नेपाल टेलिकमको समेत कार्यदक्षतामा परेको प्रभावको समीक्षा गर्दै सुधार गर्न आवश्यक रहेको कुरा व्यक्त गर्नुभयो।

उपभोक्ताको चाहना अनुरुप सेवाहरुको आधुनिकीकरण, विकास र परिमार्जन गर्दै सबै स्थानमा द्रुत् सेवा पुऱ्याउनका लागि बदलिँदो परिवेशसँग सुहाउँदो सेवाका क्षेत्रहरु पहिहान गरी त्यसतर्फ ध्यान आकर्षण गर्न आग्रह गर्नुहुँदै मन्त्री गुरुङले नेपाल सरकारले समयसापेक्ष रुपमा दूरसञ्चार सम्बन्धी नीति नियममा परिमार्जन गर्दै टेलिकमको व्यवस्थित सञ्चालनका लागि सहयोग गर्ने धारणा व्यक्त गर्नुभयो।

उहाँले आगामी दिनमा सेवामा उल्लेखनीय सुधार र आय वृद्धिको लागि सेवाको विस्तार सँगै गुणस्तर सुधारमा ध्यान दिन निर्देशन दिनुभयो। कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव तथा कम्पनी सञ्चालक समितिका अध्यक्ष राधिका अर्यालले सर्वसुलभ रूपमा आम उपभोक्ताहरूलाई गुणस्तरीय दूरसञ्चार सेवा प्रवाह गर्ने क्रममा देशका भौगोलिक रूपमा अत्यन्त विकट र दुर्गम स्थानमा समेत सेवाको पहुँच विस्तार गर्न नेपाल टेलिकमको योगदानको प्रशंसा गर्नुहुँदै आगामी दिनमा बजारको प्रतिस्पर्धा र ग्राहक वर्गको आवश्यकता बमोजिम सेवाको विविधीकरण गर्दै उचित बजारीकरण रणनीति अपनाएर ग्राहकका गुनासाहरुलाई शीघ्र सम्बोधन गर्न र कर्मचारी परिचालनमा तथा कार्य संस्कृतिमा समयानुकूल सुधार गर्दै अगाडि बढ्न आग्रह



गर्नुभयो।

साथै उहाँले समस्त देशवासीलाई दूरसञ्चार सेवाको सहज उपभोग गर्न पाउने अवस्थाको सुनिश्चितता गर्दै डिजिटल विभाजन न्यूनीकरण गर्दै मुलुकलाई डिजिटलाइजेसन गर्ने सरकारको योजनामा अझै योगदान गर्न कम्पनी सफल हुने विश्वास समेत व्यक्त गर्नुभयो।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भुपेन्द्र भण्डारीले दूरसञ्चार क्षेत्रमा नेपाल टेलिकम हालसम्म अग्रणी भूमिकामा रहेको र आगामी दिनमा पनि अग्रणी स्थानमा रहेर सेवा प्रदान गर्न सक्षम रहोस् भन्ने शुभकामना व्यक्त गर्दै सो को प्राप्तिका लागि कम्पनीलाई समय सापेक्ष सुधार गरेर अगाडि बढ्न र ग्राहक अनुभव तथा पृष्ठपोषणको विस्तृत अनुसन्धान गर्न आवश्यक रहेको बताउनुभयो।

# एलओडी सातौं वर्षमा प्रवेश, वार्षिकोत्सबमा राष्ट्रिय र अन्तर्राष्ट्रिय कलाकार आउने

**काठमाडौं–** ठमेलको एलओडी शनिबारबाट ७औं वर्षमा प्रवेश गरेको छ। वार्षिकोत्सबका अवसरमा क्लबले ६ दिनसम्म विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारले विभिन्न प्रस्तुति दिने जनाएको छ।

क्लबका निर्देशक भूपेन कुँवरका अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारमार्फत ६ दिन थप मनोरञ्जनात्मक कार्यक्रम प्रस्तुत हुनेछन्।

शनिवार साँझ क्लबमा पूर्ण राई तथा दाजुभाइ, श्रीगो एण्ड द गेन र लिसियस डिजेले प्रस्तुति दिएको दिएका थिए।

उनका अनुसार २८ गते कुमा सागर एण्ड द ख्वापले प्रस्तुति दिनेछन् भने फागुनको एक, दुई, आठ र नौ गते क्रमशः समीर श्रेष्ठ (एफटी गुड ब्वाईज), दोङ, टप




हन्डेट डिजे क्यूब्रीक्स र कर्मा ब्यान्डसँगै कुटुम्बले पनि प्रस्तुति दिने छन्।

# कुमारी बैंक लिमिटेडको चौबिसौं वार्षिक साधारण सभा सम्पन्न

**काठमाडौं–** कुमारी बैंक लिमिटेडको चौबिसौं वार्षिक साधारण सभा २०८१ साल माघ महिना २१ गते सोमबारका दिन काठमाण्डौंको टुँडिखेलस्थित त्रिभुवन आर्मी अफिसर्स क्लबमा सम्पन्न भएको छ।

सो सभाबाट सामान्य प्रस्तावको रुपमा पेश गरिएको आ.ब.२०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन सहित आ.ब. २०८०/८१ आषाढ मसान्त सम्मको वासलात, नाफा-नोक्सान हिसाब लगायतका वित्तीय विवरण र आ.ब.२०८१/८२ को लागि वाह्य लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गरियो।

विगत २३ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१६ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५४ शाखा रहित बैंकिङ्ग ईकाईहरु मार्फत आफ्ना ग्राहकवर्गलाई सहज, सुरक्षित, अत्याधुनिक तथा प्रभावकारी सेवाहरु प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरुमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरु गर्दै जाने समेत प्रतिबद्धता जनाएको छ।




# भारतको केन्द्रीय बैंकद्वारा सन् २०२० पछि पहिलो पटक ब्याजका दरमा कटौती

**मुम्बई–** विश्वको पाँचौं ठूलो अर्थतन्त्रमा वृद्धिको मन्दीको चिन्ताले मुद्रास्फीति जोखिमलाई उछिनेसँगै भारतको केन्द्रीय बैंकले लगभग पाँच वर्षमा पहिलोपटक शुक्रबार ब्याज दर घटाएको छ। भारतीय रिजर्भ बैंक (आरबीआई) ले वाणिज्य बैंकहरूलाई ऋण दिने आधार रेपो दर २५ आधार अंकले घटाएर ६.२५ प्रतिशतमा झार्ने बताएको छ।

विश्वका प्रमुख केन्द्रीय बैंकहरूले गत वर्ष दरमा कटौती गरे। केहीले यसलाई जारी राखे पनि सुस्त मुद्रास्फीतिले भारतलाई त्यसो गर्नबाट रोकेको थियो। देशमा खुद्रा मुद्रास्फीति हालै घटेको छ। डिसेम्बरमा चार महिनाको न्यून ५.२२ प्रतिशतमा झरेको छ तर अझै पनि केन्द्रीय बैंकको मध्यम अवधिको ४ प्रतिशतको लक्ष्यभन्दा माथि छ।




मूल्य दबाब कम हुँदै गएकोले अब वृद्धि बढाउनेमा ध्यान केन्द्रित गर्ने ठाउँ प्रदान गरेको देखिन्छ। सुस्त उत्पादन र कमजोर सहरी उपभोगका कारण सेप्टेम्बर त्रैमासिकमा भारतको अर्थतन्त्र अपेक्षाभन्दा धेरै ढिलो विस्तार भएको थियो। गत वर्ष आठ प्रतिशतभन्दा बढी वृद्धि भएकोमा यो आर्थिक वर्षमा कोभिड-१९ महामारी पछिकै सबैभन्दा सुस्त गतिमा विस्तार हुने अनुमान छ।

आरबीआईका गभर्नर सञ्जय मल्होत्राले आफ्नो पहिलो मौद्रिक नीति समीक्षामा मुद्रास्फीति '२०२५-२६ मा थप मध्यम हुने अपेक्षा गरिएको' र सेप्टेम्बर त्रैमासिकको न्यूनबाट सुधार हुने भए पनि यो गत वर्षको तुलनमा 'धेरै तल' रहेको बताए। 'विद्यमान वृद्धि-मुद्रास्फीति गतिशीलतालाई ध्यानमा राख्दा... हालको समयमा कम प्रतिबन्धात्मक मौद्रिक नीति बढी उपयुक्त छ,' उनले भने।

मल्होत्राले आफ्ना पूर्ववर्ती शक्तिकान्त दासभन्दा कम कडा दृष्टिकोण अपनाएका छन्। दासले मुद्रास्फीतिसँग लड्न सन् २०२२ मे र सन् २०२३ फेब्रुअरीको बीचमा दरहरू २.५ प्रतिशत अंकले बढाएका थिए। बैंकले पछिल्लो पटक सन् २०२० मे महिनामा दरहरू घटाएको थियो।

खाद्य पदार्थको उच्च मूल्य र कमजोर ज्याला वृद्धिबाट पीडित उपभोक्ताहरूको हातमा थप पैसा दिन सरकारले आफ्नो वार्षिक बजेटमा व्यापक आयकर कटौतीको घोषणा गरेको एक हप्ताभन्दा पनि कम समयमा आरबीआईको यो निर्णय आएको छ।

सेप्टेम्बर त्रैमासिकमा भारतको अर्थतन्त्र ५.४ प्रतिशतले बढेको छ। यो सात त्रैमासिकमा यसको सबैभन्दा खराब प्रदर्शन हो र विश्लेषकहरूको अपेक्षा ६.५ प्रतिशतभन्दा कम हो।

यो आँकडाले भारतलाई विश्वका सबैभन्दा तीव्र वृद्धि भइरहेका प्रमुख अर्थतन्त्रहरूमध्ये एक बनाए पनि यसले सन् २०२३ र सन् २०२४ को धेरैजसो समयमा देखिएको तीव्र विस्तारको गतिमा मन्दी आएको संकेत गर्दछ।

# खुम्बुमा व्यावसायिक उडानमा अवरोधले हेलिकोप्टर उद्योगमा धक्का

**काठमाडौं–** खुम्बु क्षेत्रमा व्यावसायिक उडान गर्न अवरोधका कारण हेलिकोप्टर उद्योगमा गम्भीर धक्का पुगेको छ। हेलिकोप्टर कम्पनीले अहिलेसम्मको बुकिङलाई आधार मानेर यसपालि पर्यटकीय सिजनमा ४० प्रतिशत व्यापार गुम्ने प्रक्षेपण गरेका छन्।



वायुसेवा सञ्चालक संघका अध्यक्ष मनोज कार्कीले उडानमा अवरोधका कारण बुकिङ घटेको बताए। 'अहिले धमाधम टिकट बुकिङ हुने समय हो। तर अवरोध नहटेका कारण पर्यटकले बुकिङ गर्न मानिरहेका छैनन्। बुकिङ निक्कै कम छ,' उनले भने, 'अवरोध हटेको अवस्थामा पनि अहिलेको बुकिङलाई आधार मान्दा यसपालि व्यापार ४० प्रतिशत घट्ने देखिन्छ।'

खुम्बुका स्थानीयले एक महिनादेखि व्यावसायिक चार्टर्ड उडान गर्न दिएका छैनन्।

खुम्बु क्षेत्रको मानव वस्तीमा ध्वनि प्रदूषण भएको, आपराधिक क्रियाकलाप हुनसक्ने सम्भावना रहेको र खुम्बु क्षेत्रको व्यापार व्यवसायमा नकारात्मक असर परेको कारण देखाउँदै स्थानीय तहको अगुवाइमा पुस २३ देखि हेलिकोप्टर उडानमा अवरोध गरिएको थियो। माघ १५ गतेबाट उद्धार उडान खुला गरिएको छ।

कैलाश हेलिकोप्टरका सञ्चालक प्रतापजंग पाण्डेले हेलिकप्टर बुकिङको अवस्थाले व्यापार घट्ने पक्का भएको बताए। 'अहिलेको बुकिङ हेर्दा व्यापार ४० प्रतिशत हाराहारी गुम्ने पक्का छ,' उनले भने, 'यसबाट हामीलाई मात्र असर पर्दैन। कर, स्थानीय व्यवसाय र रोजगारी पनि प्रभावित हुन्छ।'

वायुसेवा सञ्चालक संघका अनुसार हेलिकोप्टरमा निजी क्षेत्रको १० अर्ब रुपैयाँ लगानी छ। हेलिकोप्टर कम्पनीले वार्षिक ६ अर्ब रुपैयाँको कारोबार गर्दै आएकामा त्यसमध्ये सवा ४ अर्ब रुपैयाँ बराबर विदेशी मुद्रा हो।

हेलिकोप्टर उद्योगमा हाल ६०० जनाले रोजगारी पाइरहेका छन् भने सरकारले वार्षिकरुपमा भ्याटबापत करिब ७८ करोड र आयकरबापत ४० करोड रुपैयाँ पाउने गरेको छ।

अल्टिच्युड एयरका सञ्चालक निमा नुरु शेर्पाले व्यावसायिक उडान गराउने विषयमा पटक पटक छलफल भएपनि अवरोध पुऱ्याउनेहरुप्रति सरकार कडारुपमा प्रस्तुत हुन नसकेको गुनासो गरे।

'विभिन्न राजदूतावासबाट दबाब आएपछि हेलिप्याडमा रहेको अवरोध हटाइयो। अहिले उद्धार उडान सुरु भएको छ,' शेर्पाले भने, 'तर व्यावसायिक उडानका लागि सरकारका तर्फबाट आवश्यक मात्रामा सहयोग भइरहेको छैन। बरु स्थानीयको अवरोध रहेको प्रचार भएका कारण बुकिङमा असर परेको छ। जसले गर्दा अवरोध हट्दा पनि यसपालिको सिजनमा व्यापार धेरै नै गुम्ने देखिन्छ।'

हेलिकोप्टरको व्यावसायिक उडान हुने गन्तव्य नै खुम्बु क्षेत्र हो। खुम्बु क्षेत्रमा

» बाकी ६ पृष्ठमा

## खेलकुद

# विवादका कारण स्थगित पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड सुचारु



**रुकुम पूर्व –** रिले दौड प्रतियोगिता हुँदा खेलाडीबीच भएको विवादले झडपको रुप लिँदा स्थगित भएको सिस्ने गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड सोमबारदेखि सुचारु भएको छ ।

आइतबार झडपमा परेर सिस्ने-६ स्थित त्रिभुवन माध्यमिक विद्यालयका शिक्षक तुलसी केसी गौतम घाइते भएपछि खेलकुदका सबै कार्यक्रम स्थगित गरिएको थियो । आयोजक गाउँपालिकाको सहजीकरणपछि समस्या समाधान भएर खेल सुचारु गरिएको शिल्ड व्यवस्थापन तथा निर्देशक समितिका अध्यक्षसमेत रहेका पालिका अध्यक्ष कृष्ण रेग्मीले जानकारी दिए ।

खेलाडीबीच सामान्य विवाद भएको विषयलाई बल पुग्ने गरी आफ्ना शिक्षकमाथि हातपात भएकामा दुःख व्यक्त गर्दै त्रिभुवन माविका प्रधानाध्यापक मदन गौतमले घटनामा संलग्न व्यक्तिले माफी मागेपछि मेलमिलापमा गएको बताए । 'सामान्य विषयलाई ठूलो बनाउने प्रयास गरियो । हामीले यसमा गम्भीर आपत्ति जनाएका थियौं । तर पीडकले गल्तीको महसुस गरेकाले शिल्डका बाँकी प्रतियोगितामा हामी सहभागी भएका छौं,' उनले भने ।

गत बिहीबार सुरु भएको रनिङ शिल्ड अझै २ दिनसम्म चल्नेछ ।

# आयुर र दीक्षान्तलाई स्वर्ण

**काठमाडौं –** आयुर ढकाल र दीक्षान्त लामिछानेले मलेसियामा सम्पन्न १२ औं स्पिड पावर तेक्वान्दो च्याम्पियनसिपमा सोमबार स्वर्ण पदक जितेका छन् ।

मलेसियाको क्वालालम्पुरमा भएको च्याम्पियनसिपमा आयुर र दीक्षान्तको स्वर्णसहित नेपालले ७ पदक जितेको हो । दुवै स्वर्ण नेपालले पुम्सेमा जितेको हो । आयुरले ९ देखि ११ वर्ष उमेर समूह र दीक्षान्तले १२ वर्षमुनि उमेर समूहमा स्वर्ण जितेका हुन् ।

आयुरले झापाको मेची तेक्वान्दो डोजाङ र दीक्षान्तले हात्तीवन तेक्वान्दो डोजाङबाट खेल्ने गर्छन् । नेपालले समान ३ रजत र कांस्य पदक पनि जितेको छ । रिप्सना घिमिरे ग्यारोगीतर्फ महिला ४१ केजीमुनि रजत जित्न सफल भएकी हुन् । अर्को रजत भने द सेलिब्रेसन को-एडका जेमोस मगरले पुम्से ९ वर्षमुनि उमेर समूहमा ल्याए ।

ग्यारोगीतर्फ सिनियर पुरुष ५८ केजी तौल समूहमा राकेश सापकोटाले रजत पदक जिते । फाइटतर्फ नै असिम श्रेष्ठले ३७ केजीमुनि तौल समूहमा कांस्य जिते । लिरिक्स फुयालले ९ देखि ११ वर्ष उमेर समूहको एकल पुम्सेमा कांस्य जितेका छन् ।

उक्त च्याम्पियनसिपमा रेफ्री कुमार लामा घिसिङ, मुना खवास मगर र बब्लु सिवाकोटीले निर्णायकको भूमिका निर्वाह गरेका थिए ।

# सवा ५ करोड लागतमा दरबारमार्ग फुटपाथमा बिछ्याइँदै 'ग्रेनाइट'

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले दरबारमार्गको फुटपाथमा धमाधम 'ग्रेनाइट' बिछ्याउने काम गरिरहेको छ ।

महानगरले नारायणहिटी संग्रहालय अगाडि महानगर प्रहरी वृत्त दरबारमार्गदेखि महेन्द्र शालिकसम्म दुवैतर्फ फुटपाथमा ग्रेनाइट लगाइरहेको छ ।



महानगर सार्वजनिक निर्माण विभागका प्रमुख सुरज शाक्यका अनुसार पैदल मार्गको चौडाइ कम्तीमा ३ मिटरदेखि बढीमा ६ मिटरसम्म हुनेछ । फुटपाथजमा ग्रेनाइट राख्नुअघि गिटी र माटो मिसाएर बेस सोलिङ गरिएको छ ।

'त्यसभन्दा माथि ब्रिक सोलिङ गरिएको छ । त्यसभन्दा माथि पीसीसी ढलान गरिएको छ । त्यसभन्दा माथि ग्रेनाइट बिछ्याइन्छ । यो १६ मिलिमिटरसम्मको हुनेछ,' शाक्यले भने ।

महानगरले सार्वजनिक खरिद प्रक्रियाबाट सदाशिव इन्फ्रा प्रालिलाई ठेक्का दिएको छ । गत वर्ष ६ चैतमा महानगरले निर्माण पक्षसँग सम्झौता गरेको थियो । चालु आव माघ मसान्तसम्म सक्काउनुपर्ने सम्झौता रहेकाले अहिले धमाधम काम भइरहेको हो ।

ग्रेनाइट बिछ्याउने कामको महानगर अनुगमन समिति संयोजक रहेकी उपप्रमुख सुनिता डंगोलले अनुगमन गरिन् । फुटपाथमा गरिएको ग्रेनाइट सेटिङ निरीक्षण गर्दै उनले पैदल यात्रामैत्री हुनुपर्ने बताउँदै सडकमा भएका रुख संरक्षणका विषयमा अधिकारीहरूसँग जिज्ञासा राखेकी थिइन् ।

त्यस्तै सहरी योजना आयोग उपाध्यक्ष डा. सुमननरसिंह राजभण्डारीले निर्माण प्रक्रिया निरीक्षण गर्दै ग्रेनाइटको बाहिरी भाग खस्रो भएकाले यात्रामा चिप्लिने जोखिम नहुने बताए ।

# गिरीबन्धुको फैसला कार्यान्वयन नगरेको भन्दै प्रधानमन्त्रीविरुद्ध अवहेलनाको निवेदन

**काठमाडौं–** गिरीबन्धु टी स्टेट्ससम्बन्धी फैसला कार्यान्वयन नगरेर अदालतको अवहेलनामा कारवाही हुनुपर्ने मागसहित प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध सर्वोच्च अदालतमा अदालतको अवहेलनासम्बन्धी निवेदन दर्ता भएको छ ।

अधिवक्ता ओमप्रकाश अर्यालले गिरीबन्धुको मुद्दामा सर्वोच्चको संवैधानिक इजलासबाट जारी भएको निर्देशनात्मक आदेश कार्यान्वयन नभएको र फैसला कार्यान्वयनमा उल्टै अवरोध भएको दाबीसहित अवहेलनाको निवेदन दर्ता गराएका हुन् ।

२४ माघ २०८० मा सर्वोच्च अदालतको




संवैधानिक इजलासले गिरीबन्धु सम्बन्धी मुद्दाको फैसला गरेको थियो । त्यतिबेला सर्वोच्च अदालतले जग्गासँग सम्बन्धित तीनवटा आदेश जारी गरेको थियो ।

# गोकुलगंगा युवा सञ्जालद्वारा बागमती प्रदेश स्तरीय अन्तर पालिका पुरुष भलिबल प्रतियोगिता

**काठमाडौं–** गोकुलगंगा गाउँपालिका वडा नं. १ चुचुरेको गर्जाङमा आगामी फागुन १४ गतेदेखि १७ गतेसम्म गोकुलगंगा युवा सञ्जालद्वारा बागमती प्रदेश स्तरीय अन्तर पालिका पुरुष भलिबल प्रतियोगिता भव्यतासाथ आयोजना हुने भएको छ ।

उक्त प्रतियोगिताको प्रमुख उद्देश्य भलिबल खेलको विकास, नयाँ खेलाडीको उत्पादन र स्थानीय स्तरमा खेलकुदको प्रबर्द्धन गर्नु हो ।

प्रतियोगितामा बागमती प्रदेशभित्रका सबै नगरपालिका र गाउँपालिकाबाट टिमले भाग लिन सक्नेछन् । यस खेलमा सहभागिता जनाउने टोलीहरूले उत्कृष्ट प्रदर्शन गरी पुरस्कार प्राप्त गर्ने अवसर पाउनेछन् ।

प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने टोलीले १ लाख ५१ हजार १ सय ११ रुपैयाँ, द्वितीय स्थान प्राप्त गर्ने टोलीले १ लाख १ हजार १ सय ११ रुपैयाँ, तृतीय स्थानको टोलीले ५१ हजार १ सय ११ रुपैयाँ र चौथो स्थानको टोलीले २५ हजार १ सय ११ रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् । साथै, उत्कृष्ट खेलाडिलाई ७ हजार ५ सय रुपैयाँ र उत्कृष्ट स्पाईकर, उत्कृष्ट सेटर, उत्कृष्ट डिफेन्डर र उत्कृष्ट ब्लकरलाई ५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ ।

प्रतियोगिता राष्ट्रिय स्तरमा भलिबल खेलको प्रबर्द्धनको साथसाथै गोकुलगंगा गाउँपालिकाका पर्यटनको विकास, स्थानीय खेलकुदको प्रगति, संस्कृति र पहिचानको प्रचार गर्ने, साथै सामाजिक सम्बन्ध र स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने उद्देश्यले खेल आयोजना गरिएको गोकुलगंगा युवासन्जालका अध्यक्ष अनुज खड्काले बताएकाछन् ।

प्रतियोगिता सञ्चालनका लागि




आयोजकहरु अहिले तयारीमा जुटिरहेका छन् र खेलाडीहरूको उत्साह र जोशले प्रतिस्पर्धा थप रोचक बनाउने अपेक्षा गरिएको छ ।

# खार्पुनाथ बेलीब्रिज निर्माण ढिलाइले रोकेको सिमिकोटको सडक सपना



**काठमाडौं–** हुम्ला सदरमुकाम सिमिकोट अझै पनि राष्ट्रिय सडक सञ्जालमा पूर्णरूपमा जोडिन सकेको छैन । सोहीकारण सरकारले सबै जिल्ला सदरमुकामसम्म सडक पुऱ्याउने लक्ष्य हरेक वर्ष राख्दासमेत पूरा नभएको हो ।

सडक विभागका अनुसार सिमिकोट राष्ट्रिय सडक सञ्जालमा अस्थायी रूपमा मात्र जोडिएको छ । तर, खार्पुनाथ गाउँपालिका-५ खार्पुदोभान र दोजाम कर्णाली नदीमा बेलिब्रिज नबन्दा सदरमुकाम पूर्णरूपमा सडक सञ्जालमा जोडिन नसकेको हो ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालका अनुसार अबको तीन महिनाभित्र खार्पुनाथमा पुल बनाइ सक्ने योजना छ ।

यसबाट हुम्ला सदरमुकाम सिमिकोटसम्म राष्ट्रिय सडक सञ्जाल स्थापित हुनेछ । मन्त्री दाहालले मिति नै तोकेर तीन महिना समय दिएका छन् ।

उनले चट्टान छेड्दै नेपाली सेनाको सहयोगमा यो सडक बनाइएको समेत बताएका छन् । सडक विभागका महानिर्देशक रामहरि पोखरेलका अनुसार अहिले बेलीब्रिज निर्माणको काम भइरहेको छ ।

यसको निर्माण अबको तीन महिनाभित्र सकिने अपेक्षा गरिएको र त्यसपछि वर्षायाममा समेत सिमिकोटसम्म सडक सुविधा पुग्ने छ ।

अहिले हिउँद याममा पानी कम हुँदा कर्णाली नदी पार गरेर ट्याक्टर, स्क्याभेटर, डोजर सहित साना सवारी साधन समेत चल्ने गर्छन् । पानीको बहाब बढेपछि भने सडक बन्द हुने गरेको छ ।

हुम्ला जिल्ला सडकसँग भने यसअघि नै जोडिएको थियो । अन्य ७६ जिल्ला सदरमुकाममा भने यो सुविधा पुगिसकेको छ । सिमिकोटमा नेपालतर्फबाट सडक पुऱ्याउन निकै मिहिनेत गर्नुपरेको छ । उता सिमिकोट-हिल्सा खण्डमा भने नियमित सवारीसाधन चल्छन् । यस खण्डमा ट्याक्टर र जिपले नियमित सेवा दिइरहेका छन् ।

गत वर्ष रसुवागढी हुँदै चीनतर्फबाट दुई वटा बस समेत पुऱ्याइएको छ । विगतमा हेलिकप्टरबाट सवारीसाधन ढुवानी गरेर लगिएको थियो । अहिले भने तिब्बतको बाटो हुँदै हुम्लामा सवारी साधन लैजान सहज भएको छ ।

हुम्लामा निर्माण भएको सडक अझै कच्ची छ । खार्पुमा पुल निर्माणका लागि २०७८ सालमै ठेकेदार कम्पनीसँग सम्झौता भएको थियो । कर्णाली करिडोर नियमित सञ्चालनमा ल्याउन र सदरमुकाम सिमिकोटलाई सडक सञ्जालमा नियमित जोड्न यो पुलको महत्त्व छ ।

उत्तर-दक्षिण कर्णाली करिडोरको कुल लम्बाइ १ सय ४५ किलोमिटर छ । यो आयोजना २०६५/६६ देखि सुरु भएको थियो । तर, यस आयोजनाको भौतिक प्रगति ३० प्रतिशत हाराहारी मात्र पुगेको छ ।

कर्णाली करिडोर अन्तर्गत अहिलेसम्म १७.७ किलोमिटर खण्डस्मिथ र १ सय ३५ किलोमिटर कच्ची सडक बनेको छ । कालोपत्र हुन बाँकी छ । नेपाली सेनाले जिम्मा लिएको लालिबगर-दुल्लीकुन्ना खण्ड र घाट पारिचौर-बद्रिगाउँ-भुक्काखोला खण्डको कुल २२.०५ किलोमिटर सडकको भौतिक प्रगति ७२.५६ प्रतिशत छ । यस खण्डमा १५.३५ किलोमिटर ट्र्यक खन्ने काम सकिएको छ ।

# अध्यादेशबारे उपेन्द्र- बिँड मात्रै तातेर हुँदैन


**काठमाडौं–** जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले अध्यादेशबारे निर्णय लिनका लागि पहिला सम्बन्धित पक्षबाट चासो हुनुपर्ने बताएका छन् । बिहीबार संसद् भवन परिसरमा सञ्चारकर्मीसँग कुराकानी गर्ने क्रममा उनले आफूहरूले समयमै अध्यादेशबारे निर्णय लिने जिकिर गरे ।

'हामी समयमा निर्णय गर्ने हो । सरकारले नै कार्यसूचीबाट हटाइसकेपछि तात्ने तातेन भने बिँड तताएर के हुन्छ ?,' उनले सञ्चारकर्मीको प्रश्नको जवाफमा भने ।

उनले यही प्रसंगलाई अझै प्रष्ट पार्दै भने, 'ट्रेन आएपछि नै सिग्नल दिने हो । हरियो झण्डा ट्रेन आउने बेलामा मात्रै देखाइन्छ ।'

सरकारले हिउँदे अधिवेशन सुरु हुनुभन्दा अगाडि ल्याएका ६ वटा अध्यादेश संसद्मा निर्णयार्थ प्रस्तुत हुन सकेको छैन ।

प्रतिनिधिसभामा सत्तारुढ दलको प्रष्ट बहुमत भए पनि राष्ट्रिय सभामा छैन ।



सोही कारण सरकारले अध्यादेश प्रस्तुत गर्न सकेको छैन ।

राष्ट्रिय सभामा निर्णायक देखिएको जसपा नेपालले अध्यादेशको पक्ष र विपक्षमा मतदान गर्नेबारे निर्णय लिइसकेको छैन ।

जसपा नेपालले अध्यादेशबारे धारणा बनाउनका लागि लागि विज्ञसँग छलफल पनि गरेको थियो ।

फरक प्रसंगमा यादवले अहिलेको सरकार अरुको पार्टी फुटाउन लागेकोप्रति आपत्ति जनाए ।

'मुलुक आर्थिक रुपले दलदलमा फसेको छ । मिडिया नियन्त्रणको विधेयक आउँदैछ । अन्तर्राष्ट्रिय शक्तिले पत्याउन छाडे । शिक्षा, स्वास्थ्य धरासायी भयो,' उनले भने, 'युवा पिँढीले अब यो मुलुकमा कुनै भविष्य छैन भनेर लाइन लागिसके । यसको समाधानमा दिमाग लगाए हुने नि । अर्काको पार्टी फुटाउन किन लाग्ने ?'

पृष्ठ १ बाट जारी

## विद्युत प्रशारण...

ढल्केबर-मुजफ्फरपुर प्रसारण लाइनको क्षमता ८०० मेगावाटबाट बढाएर एक हजार मेगावाट पुऱ्याउने बताइएको छ। यस्तै सन् २०३५ सम्ममा ४०० केभीका निजगढ-मोतिहारी र कोहलपुर-लखनऊ प्रसारण लाइन निर्माण सम्पन्न गरिने सहमति भएको छ । उक्त सहमतिलाई दुई देशबीचको सचिवस्तरीय बैठकले अनुमोदन गर्नेछ । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सन् २०३५ सम्म १५ हजार विद्युत् विदेशमा निर्यात गर्न सरकारले राखेको लक्ष्य पूरा गर्न यस्ता प्रसारण लाइन निर्माण सम्झौताले ठूलो सहयोग पुग्ने बताए ।

आगामी दिनमा थप विद्युत् निर्यात गर्नेगरी अन्तरदेशीय प्रसारण लाइनको संरचना बनाउँदै अगाडि बढ्नुपर्ने उनको भनाइ थियो । यसअघि नेपाल र भारतबीच १० वर्षमा १० हजार मेगावाट निर्यातका लागि दीर्घकालीन विद्युत् व्यापार सम्झौता प्रचण्ड नेतृत्वको सरकारको पालामा नै भईसकेको थियो । यसलाई औपचारिता र व्यवहारमा लान भने बाकी नै छ। हाल बङ्गलादेशमा ४० मेगावाट विद्युत् निर्यात सुरु भइसकेको छ। यसको बजार विस्तार गर्न अझै धेरै काम गर्न बाँकी रहेको विद्युत प्रधिकरणको भनाई रहेको छ।

पृष्ठ १ बाट जारी

## विपिन जोशी...

सरकारी अधिकारीहरूले रिजवान आलमलाई हमाससँग वार्ता गर्न सहयोग गर्न अनुरोध समेत गरेका छन् । उक्त अनुरोध स्वीकार गर्दै आलमले तुरुन्तै आफ्नो प्रभाव प्रयोग गर्दै अरब संसदका अध्यक्ष मोहम्मद अहमद अल-यमाहीसमक्ष यो विषय उठाए। रिजवान आलमको सक्रियताले अल-यमाहीले नेपाल सरकारलाई सुझाव दिए कि यदि आधिकारिक रूपमा अनुरोध पठाइयो भने, हमाससँग वार्ता गर्न अझ सरल हुनेछ।

यसै सन्दर्भमा सभामुख देवराज घिमिरेले अरब संसदका अध्यक्षलाई औपचारिक पत्र लेखेका हुन्। अब सबैको ध्यान अल-यमाहीको निर्णयमा केन्द्रित छ। यदि यो पहलले सार्थकता पायो भने, विपिन जोशी छिट्टै हमासको कब्जाबाट मुक्त हुन सक्ने सम्भावना बलियो देखिन्छ।

रिजवान आलमको मार्गदर्शन, नेपाल सरकारको सक्रियता, र अरब संसदका अध्यक्षको सहकार्यले विपिन जोशी चाँडै आफ्नो परिवारको काखमा फर्कने आशा गरिएको छ। विपिनको परिवार मात्र होइन, सिंगो नेपालले उनको सकुशल फर्काइको प्रतीक्षा गरिरहेको छ।

पृष्ठ ४ बाट जारी

## खुम्ब...

हुने उडानबाट मात्रै हेलिकोप्टर कम्पनीले वार्षिक साढे ३ अर्ब रुपैयाँ आम्दानी गर्दै आएका थिए। हाल १२ कम्पनीसँग ३२ वटा हेलिकोप्टर सञ्चालनमा छन्।

खुम्बु क्षेत्रमा पर्यटकीय पिक सिजनमा दैनिक २०० वटा उडान अवतरण हुने गरेको विगत छ। हेलिकोप्टरको एउटा उडानमा सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयले २५ हजार र पासाङ ल्हामु गाउँपालिकाले २५ हजार रुपैयाँ पाउने गरेका छन्।

स्थानीयको महिना दिनभन्दा लामो समयदेखिको अवरोधले बुकिङ नै प्रभावित भएपछि हेलिकोप्टर व्यवसायीहरुले प्रधानमन्त्री केपी शर्मा ओलीका आर्थिक सल्लाहकार डा. युवराज खतिवडालाई भेटेर समस्या समाधानका लागि पहल गर्न आग्रह गरेका छन्। उनीहरुले पर्यटकीय सिजन सुरु हुन लाग्दा समेत रहेको अवरोधले बुकिङ नै हुन छोडेको भन्दै यस विषयलाई गम्भीरतापूर्वक लिन आग्रह गरेका हुन्।

खुम्बु क्षेत्रमा फागुन दोस्रो सातादेखि हेलिकोप्टरको माग धेरै हुन्छ। हिमाल आरोहण, पदयात्रा, हिमाली क्षेत्रको दृश्वावलोकन लगायत प्रयोजनका लागि फागुन दोस्रो सातापछि करिब तीन महिनालाई पिक सिजन मानिन्छ।

# नेपालमा सडक दुर्घटना हुने मध्य ६८ प्रतिशत मोटरसाइकल दुर्घटना




**काठमाडौं–** नेपालमा हुने सडक दुर्घटना वा दुर्घटनामा ज्यान गुमाउने वा घाइते हुनेमध्ये ६८ प्रतिशत मोटरसाइकल दुर्घटना रहेको एक नयाँ प्रतिवेदनले देखाएको छ।

सडक दुर्घटनामा घाइते हुने संख्या महिला र पुरुष दुबैमा देखिए पनि, मृत्यु हुने संख्या पुरुषहरूमा बढी रहेको अध्ययनले देखाएको छ । अध्ययनअनुसार, प्रति १ लाख जनसंख्यामध्ये ११ जना महिलाको मृत्यु हुने गर्छ भने पुरुषहरूको हकमा यो संख्या प्रति १ लाखमा १३ जना रहेको छ । अध्ययनले देखाएअनुसार, १५-२४ वर्ष उमेर समूहका महिला र पुरुषहरू सडक दुर्घटनाको उच्च जोखिममा छन्। त्यस्तै, सडक दुर्घटनाका कारण मृत्यु हुने र घाइते हुनेको संख्या शहर क्षेत्रमा ग्रामीण क्षेत्रहरूको तुलनामा बढी रहेको छ । शहर क्षेत्रमा प्रति १ लाख जनसंख्यामध्ये ८३३ जना घाइते वा मृत्यु हुने गरेका छन् ।

घाइते वा मृत्यु हुनेमध्ये १२ प्रतिशत साइकल दुर्घटना, ४ प्रतिशत बस दुर्घटना र ४ प्रतिशत तीनपाङ्गे टेम्पो दुर्घटनामा संलग्न रहेको अध्ययनले देखाएको छ । पाँच प्रतिशत पैदल यात्रु सडक दुर्घटना दुर्घटनामा ज्यान गुमाएको अध्ययनले देखाएको छ ।

# बर्दगोरिया गाउपालिकामा मृतकको पार्थिव शरीर घाटसम्म लैजान कर्ण बहादुर कुवरको सक्रिय पहल

■ बिनोद नेपाली

**काठमाडौं–** बर्दगोरिया गाउँपालिकामा मृत्युवरण गरेका व्यक्तिको पार्थिव शरीरलाई सम्मानसहित दाहसंस्कारका लागि घाटसम्म लैजानको लागि बर्दगोरिया गाउँपालिका अध्यक्ष कर्ण बहादुर कुँवरको सक्रिय पहलमा एक ऐतिहासिक कदम चालिएको छ ।


गाउँपालिका अध्यक्ष कुँवरको नेतृत्वमा, अब बर्दगोरिया गाउँपालिकाका नागरिकलाई निशुल्क महाप्रस्थान यान (अन्त्येष्टि वाहन) सेवा उपलब्ध गराइने भएको छ । यस सेवाले मृतकका परिवारलाई कठिन समयमा सुविधा र सहयोग प्रदान गर्ने छ, जसले गर्दा पार्थिव शरीरलाई सम्मानका साथ दाहसंस्कार स्थलसम्म सहज रूपमा पुर्याउन सकिन्छ ।

यस सेवा अन्तर्गत, बर्दगोरिया गाउँपालिकाले मृतकका परिवारलाई रु १०,००० सम्मको क्रिया खर्च उपलब्ध गराउने पनि घोषणा गरेको छ, जसले गर्दा मृतकको परिवारलाई आर्थिक रूपमा थोरै राहत पुग्नेछ । यस पहलले बर्दगोरिया गाउँपालिका क्षेत्रमा सामाजिक एकता र सहयोगको भावना बलियो बनाउनेछ ।

अध्यक्ष कर्ण बहादुर कुँवरले यस सेवा संचालनमा ल्याएर, स्थानिय जनतामा समर्पण र सहयोगको भावना प्रकट गरेका छन्, र मृतकका परिवारलाई सम्मानजनक र सस्तो माध्यममा अन्तिम संस्कारको प्रक्रिया पुरा गर्नका लागि उत्तम वातावरण सृजना गर्न सफल भएका छन् ।

अन्तराष्ट्रिय

# अमेरिकामाथि चीनको १० प्रतिशत कर




**काठमाडौं–** वाशिङटन डीसी . अमेरिकाले चीनबाट आयात गरिने सामानमा अतिरिक्त कर लगाएपछि चीनले पनि अमेरिकाबाट आयात हुने सामानमा १० प्रतिशत कर लगाएको छ। जस्तालाई त्यस्तै गर्ने नीति अनुसार चीनले यो कदम चालेको हो ।

चीनको पछिल्लो निर्णयले अमेरिकाबाट भित्रिने ठुला इन्जिन कार, पिकअप ट्रक, एलएनजी, कच्चा तेल र कृषि मेसिनरीको आयातलाई असर गर्नेछ ।

चीन विरुद्ध कर लगाउन अमेरिकाले दिएको समयसीमा आज समाप्त हुँदै थियो । अमेरिकामा चीनबाट आउने सामानमा १० प्रतिशत अतिरिक्त कर कार्यान्वयनमा आएको छ ।

योसँगै चीनले पनि प्रतिरोधात्मक कर घोषणा गरेको हो । अमेरिकाले मेक्सिको र क्यानडा विरुद्ध लगाइएको २५र२५ प्रतिशत अतिरिक्त कर भने ३० दिनको लागि स्थगित गरेको छ ।

# स्टिल र आलुमनियम आयातमा २५ प्रतिशत कर लगाउने ट्रम्पको घोषणा



**काठमाडौं –** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकामा आयात हुने सबै स्टिल र आलुमनियममा २५ प्रतिशत कर लगाउने घोषणा गरेका छन् । ट्रम्पको पछिल्लो कदमले क्यानडालाई ठूलो प्रभाव पार्नेछ ।

क्यानाडा र मेक्सिको अमेरिकाका दुई ठूला स्टिल व्यापार साझेदारहरू हुन् । क्यानडा अमेरिकामा आयात हुने आलुमनियम धातुको सबैभन्दा ठूलो आपूर्तिकर्ता हो । अघिल्लो कार्यकालमा ट्रम्पले क्यानडा, मेक्सिको र युरोपेली संघबाट आयात हुने स्टिलमा २५ प्रतिशत र आलुमनियममा १० प्रतिशत कर लगाएका थिए ।

तर एक वर्षपछि अमेरिकाले क्यानाडा र मेक्सिकोसँग त्यस्तो कर अन्त्य गर्न सम्झौता गगरेको थियो । तर ईयू राष्ट्रका लागि लगाइएको आयात कर २०२१ सम्म कायम थियो ।

'यदि उनीहरूले हामीलाई कर लगाउँछन् भने हामी उनीहरूमाथि पनि कर लगाउँछौं,' ट्रम्पले भने । ट्रम्पको पछिल्लो कदमले विभिन्न राष्ट्रहरूसँग तनाव थप बढाउने देखिएको छ । ट्रम्प प्रशासनले यसअघि लगाएको आयात करको चीनले पनि उस्तै जवाफ दिइसकेको छ ।

राष्ट्रपति ट्रम्पले अमेरिकाबाट आयात हुने सामानमा कर लगाउने सबै देशमाथि जवाफी कर लगाउने बताएका छन् । यसै साताको अन्त्यमा घोषणा गरिने त्यस्तो करबाट कुन-कुन राष्ट्रमाथि लगाइन्छ भन्नेबारे भने ट्रम्पले केही उल्लेख नगरेका बीबीसीले जनाएको छ ।

सोमबार एयर फोर्स वानमा बोल्दै ट्रम्पले स्टील र आलुमनियमका लागि सबै देशका लागि कर घोषणा गर्ने बताएका हुन् । 'अमेरिकामा आउने कुनै पनि स्टिलमा २५ प्रतिशत कर लाग्नेछ,' उनले भने ।

नयाँ घोषणाको प्रतिक्रियामा क्यानडाको ओन्टारियो प्रान्तका प्रिमियर डग फोर्डले ट्रम्पका कारण निरन्तर अराजकता उत्पन्न सार्दै हाम्रो अर्थतन्त्रलाई जोखिममा पारेको आरोप लगाएका छन् । क्यानाडाको स्टिल उत्पादन ओन्टारियोमा केन्द्रित छ ।

# प्रधानमन्त्रीले डाके चिकित्सा शिक्षा आयोगको आकस्मिक बैठक



**काठमाडौं–** आवासीय चिकित्सकको माग समाधान गर्नका लागि प्रधानमन्त्री केपी शर्मा ओलीले चिकित्सा शिक्षा आयोगको बैठक बोलाएका छन् । शुक्रबार प्रधानमन्त्री ओली १६ औं बैठक आकस्मिक रुपमा डाकेका हुन् ।

चिकित्सा शिक्षा आयोगको अध्यक्ष समेत रहेका प्रधानमन्त्री ओलीले केहीबेरमा बालुवाटारमा आयोगको आकस्मिक बैठक बोलाएका हुन् । उक्त बैठकमा आवासीय चिकित्सकको उठाएका माग र पिजी सिटको बारेमा छलफल हुने एजेन्डा रहेको छ ।

'आयोगको १६ औं बैठकको रुपमा छलफलमा डाकिएको छ,' आयोगका एक सदस्यले भने, 'मुख्य रुपमा आवासीय चिकित्सकको मागको विषयमा छलफल हुने एजेन्डा छन् ।'

बुधबार राति अबेरसम्म प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री केपी शर्मा ओली, शिक्षामन्त्री विद्या भट्टराई, स्वास्थ्य मन्त्री प्रदीप पौडेल, वरिष्ठ चिकित्सक र आवासीय चिकित्सकका प्रतिनिधिहरुसहित छलफल भएको थियो ।

आवासीय चिकित्सकको पारिश्रमिक आठौं तहका सरकारी कर्मचारी सरह ४८ हजार ७ सय रुपैयाँ दिन सरकार सकारात्मक भएको थियो ।

'बुधबार मध्यरातसम्म छलपल भइको थियो । प्रधानमन्त्री, अर्थमन्त्री, स्वास्थ्य मन्त्री शिक्षा मन्त्री सहित आवासीय चिकित्सकले उठाएका मागमा सकारात्मक हुनुहुन्थ्यो,' एक जना वरिष्ठ चिकित्सकले भने, 'आज आवासीय चिकित्सकको मागलाई ठोस निर्णय गर्न प्रधानमन्त्रीले बैठक बोलाउनुभएको हो ।'

पहिलो, निजी मेडिकल कलेजमा अध्ययन्रत आवासीय चिकित्सकले पनि निशुल्क पढ्न पाउनु तर दुई वर्ष बोण्ड गरेमा सरकारी मेडिकल अधिकृत सरह निर्वाह भत्ता पाउने, दोस्रो विकल्पमा निजी मेडिकल कलेजमा अध्ययनरत आवासीय चिकित्सकले पनि सरकारी सरह निर्वाह भत्ता पाउने तर बोण्ड नगर्दा २३ लाख रुपैयाँ तिनुपर्ने लगायतका छन् ।

सातामा ७२ घण्टा भन्दा बढी काम नलगाउने भन्ने विषयमा पनि प्रधानमन्त्री सकारात्मक रहेको ती चिकित्सकले बताए ।

यसअघि स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल र शिक्षा विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले संयुक्त रुपमा निर्णय गर्दै पहिलो वर्षमा २५ हजार, दोस्रोमा ३० हजार र तेस्रो वर्षमा ३५ हजारका दरले निर्वाह भत्ता उपलब्ध गराउने निर्णय गरिएको थियो ।

# "नृत्य नेपाली पारा एकल नृत्य प्रतियोगिता २०८१" को वर्कसप राउण्डको अडिसन सम्पन्न




**काठमाडौँ–** 'नृत्य नेपाली पारा एकल नृत्य प्रतियोगिता २०८१' को वर्कसप राउण्डको अडिसन सम्पन्न भएको छ ।

डिडान गोकर्णेश्वर र के.के मिडियाको संयुक्त आयोजनमा काठमाडौँको टाइमलाइन स्कुलमा उक्त प्रतियोगिता सम्पन्न भएको हो ।

नृत्य निर्देशक एंव अध्यक्ष केशव कोइरालाका अनुसार बालबालिकाहरुको प्रतिभा प्रस्फुटनको निम्ती प्रंशसनिय प्लेटफर्म भएको बताएका छन । उनले कार्यक्रममा भोटिङ र टिकेटिङको व्यवस्था नगरेको र नितान्त बालबालिकाहरुको हौसला बढाउन र आफ्नो प्रतिभा प्रस्फुटन गर्नको निम्ती काम गरेको बताएका छन ।

प्रतियोगीताको सम्पूर्ण जिम्मा निर्णयक मण्डललाई दिने र १०० प्रतिशत फेयर हुने दाबी समेत गरे । प्रतियोगितामा २३५ जना प्रतियोगीहरुको सहभागी रहेको थियो । नृत्य निर्देशक सुनिल गिरि र नृत्य निर्देशक रबिता मगर निर्णायक मण्डलमा रहेका थिए । प्रतियोगीहरु काठमाडौ र भक्तपुरका विभिन्न स्कुलका विद्यार्थीहरु रहेका थिए ।

मेगा राउन्डको लागि छनोटमा नपरेका प्रतिस्पर्धिहरुलाई नृत्य निर्देशक केशव कोइरालाले प्रमाण पत्र वितरण गरेका थिए । कार्यक्रमको मेगा राउण्ड आगामि शनिबार फागुन ३ गते गरिने आयोजकले जानकारी दिए। त्यसैगरी सेमी फाइनल र फाइनल कार्यक्रम बारे फागुन ३ गते नै जानकारी दिने कार्यक्रम निर्देशक बाबु सेन्चुरीले जानकारी दिए।

प्रतियोगीतामा प्रथम हुनेलाई २० हजार रुपैयाँ, दोस्रोलाई १० हजार रुपैयाँ, तेस्रोलाई ७ हजार रुपैयाँ,चौथो र पाँचौ स्थान हासिल गर्नेलाई ५र ५ हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिने आयोजनक टिमले बताए । कार्यक्रममा अभिभावक, शिक्षक,नृत्य निर्देशक, विद्यार्थीहरुको बाक्लो उपस्थिति रहेको थियो।

कार्यक्रमको आयोजक टिममा बाबु सेन्चुरी निर्देशकका रुपमा छन । त्यसैगरी अनिल भुजेल प्रबन्ध निर्देशक, बुद्ध तितुङ फाइनान्सियल डिरेक्टर,सन्देश तामाङ सह-सचिवको पदमा रहेका छन ।

# 'ताण्डवम' को पहिलो गीत 'ए सानु' सार्वजनिक

**काठमाडौँ–** आगामी फागुन ९ गतेदेखि रिलिज हुने फिल्म "ताण्डवम्" को पहिलो गीत हिमानी "ए सानु" सार्वजनिक भएको छ।

मंगलबार फिल्मका मुख्य कलाकार जुनिम गहतराज र सरिना मगर फिचर्ड गीत रिलिज गरिएको हो। सुशान्त गौतमको शब्द रचना तथा संगीत रहेको गीतमा इन्द्रकला राईको स्वर छ। गायिका राई पछिल्लो समय "भ्वाइस अफ नेपालको सिजन ६" मा सहभागी भएसँगै चर्चामा छिन्।

उनले स्वर भरेका बेहुली फ्रम मेघौलीको उडायो मनु र बार्दली गीत दर्शकमाझ चर्चित छन्।

क्लरिष्ट जुनिम गहतराजको डेब्यू निर्देशनमा निर्माण भएको फिल्ममा पुष्कर गुरुङ, प्रेम सुब्बा, सरिना मगर, अनोज पाण्डे, कमल कार्की, गोपाल कटुवाल लगायत कलाकारको अभिनय छ।

फिल्मले एक नव विवाहित जोडी जो आफ्नो पहिलो सन्तानको स्वागतको




तयारी गरिरहँदा उनीहरू जीवनमा घट्ने अकल्पनिय घटनाले निम्त्याउने उतारचढावको कथालाई पारिवारिक तथा एक्सन थ्रिलर जनरामा प्रस्तुत गरिएको छ।

सिंहदेवी प्रोडक्सनले भिजुयल आर्ट्स स्टुडियोको सहकार्यमा निर्माण भएको फिल्मका निर्माता धनकुमारी गहतराज, सविना मगर र मनिष गौतम हुन्। हरि घले लामाले खिचेको फिल्ममा सम्राट बस्नेतको एक्सन निर्देशन, सुशान्त गौतमको संगीत र कोबिद बज्रको ब्याग्राउण्ड म्युजिक रहेको छ।

फिल्मको कथा, पटकथा तथा संवाद अनिरुद्ध आत्रेय र हुसेनले लेखेका हुन्।

# रेखा र पूजालाई लिएर एक्सन फिल्म बनाउँदै सविर





गत असारमा अभिनेत्री पूजा शर्माले 'दान्भी' रिलिजको बेला हल 'भिजिट'को क्रममा 'काली २' बन्न लागेको घोषणा गर्दै आफू र रेखा थापाको मुख्य भूमिका रहने जानकारी गराएकी थिइन् । तर, अब रेखा र पूजा दोस्रो पटक एकसाथ देखिन लागेको फिल्मको नाम 'काली २' नराखिने भएको छ । निर्देशनको जिम्मेवारीमा रहेका सविर श्रेष्ठले नयाँ नाम र नयाँ कन्सेप्टमा फिल्म बन्ने जानकारी दिए ।

सविरले फिल्मीखबरसँग भने, ' फिल्ममा रेखा र पूजा चाहिँ 'स्योर' नै हो । तर, नाम 'काली २' हुँदैन । नाम नयाँ नै हुन्छ । र, कन्सेप्ट पनि नयाँ नै हो । भन्नुको मतलब 'काली'सँग कथा सम्बन्धित छैन ।' उनका अनुसार फिल्म फ्यामिली ड्रामा र एक्सन हुनेछ । यही वर्ष (२०८१)को अन्त्यसम्म छायांकन सुरु गर्ने तयारी भइरहेको उनले बताए । यतिबेला स्क्रिप्टमा काम भइरहेको उनको भनाइ छ ।

सविरले आफ्नो करिअरमा सबैभन्दा बढी फिल्म नै रेखासँग बनाएका छन् । यसअघि उनीहरूबीच 'काली', 'कसले चोर्‍यो मेरो मन', 'तथास्तु', 'हमेशा', 'राम प्यारी'मा सहकार्य भएको छ । कोभिडअघि उनीहरु एउटा फिल्म निर्माणको तयारीमा समेत थिए । जसमा रेखाको जोडी सौगात मल्लसँग बाँधिँदै थियो । तर, त्यो फिल्म नै बन्न सकेन । अब नयाँ फिल्ममा सविर र रेखाको सहकार्य हुँदैछ ।

केही दिनअघि रेखाले पनि नयाँ फिल्मको स्क्रिप्टमा काम भइरहेको जनाएकी थिइन् । उनले भनेकी थिइन्, ' यतिबेला स्क्रिप्टको काम भइरहेको छ । नहतारिकन एकदमै बबाल फिल्म लिएर आउँदैछु । यसैले स्क्रिप्टमा दिनरात मिहिनेत भइरहेको छ । ढिला आउला तर दामी फिल्म ल्याउन खोजेका छौं ।' उनी पछिल्लो पटक 'उपहार'मा देखिएकी थिइन्, जसमा शीर्ष भूमिकामा पूजा पनि थिइन् ।

# "लाज शरणम्"को "नेपाल हाँसेको" गीतमा बालेनको र्‍याप

**काठमाडौँ–** काठमाडौँका मेयर तथा र्‍यापर बालेन शाहले फिल्म 'लाज शरणम्'का लागि गाएको 'नेपाल हाँसेको' बोलको र्‍याप गीत सार्वजनिक भएको छ ।



बालेनकै युट्युब च्यानलबाट सार्वजनिक गीतमा उनी स्वयंको शब्द रचना तथा म्यूजिक कम्पोज रहेको छ । यो गीत करिब १० वर्षअघि नै रिलिज भइसकेको थियो । भिडियो भने बनेको थिएन । त्यही गीतलाई बालेनले फिल्मका लागि पुनः रेकर्ड गरेका हुन् ।

गम्भीर विष्टको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरु अर्जुन घिमिरे, हरिष निरौला, सागर लम्साल, महेश त्रिपाठी, गजित विष्ट, रामबाबु रेग्मी, सानु पाण्डे र बाल कलाकार आयुषी ढकाल प्रस्तुत छन् । भिडियोमा वैदेशिक रोजगारीको दुःखान्त अवस्थालाई चित्रण गरिएको छ, जुन मर्मस्पर्शी छ ।

'नेपाल हाँसेको' गीत फिल्ममा भने समावेश नहुने जनाइएको छ । निर्माण टिमले यसलाई ' प्रमोसनल गीत' भनेको छ । फिल्मको कथासँग गीतको भाव मिल्ने भएपछि भिडियो तयार पारिएको हो । आगामी फागुन १४ गते (महाशिवरात्री)बाट प्रदर्शनमा आउन लागेको फिल्मको केही दिनअघि 'हेर्दा हेर्दैमा' गीत सार्वजनिक गरिएको थियो, जुन अहिले चर्चामा छ ।

कुमार कट्टेलको निर्देशनमा तयार भएको फिल्ममा सिताराम कट्टेल, प्रियाना आचार्य, विजय बराल, अर्पण थापा, रेणु योगी, मुकुन्द श्रेष्ठ, माला लिम्बूलगायतको पनि अभिनय छ । जेपिटी क्रियसनको ब्यानरमा निर्माण भएको फिल्ममा नवीन श्रेष्ठ निर्माता, राम नरेश शाह र सृजना खड्का सह-निर्माताको रूपमा छन् । बालेनको गीतले फिल्मको 'हाइप' बनाउन ठूलो भूमिका खेल्न सक्ने देखिन्छ ।

# "भुन भुन भमरा" गीत सार्वजनिक

**काठमाडौँ–** नेपाली गीत सांगीतक बजारमा फेरी पनि 'भुन भुन भमरा' बोलको गीत माघ २२ गते सार्वजनिक भएको छ ।




लोक दोहोरी जनारामा बनेको यो गीतको शब्द सेखर अधिकारीले लेखेका छन् भने निशा सेरेस मगर र सेखर अधिकारीले मिठास पुर्ण आवाज राखेका छन् ।

ममता खत्रि बस्नेतले संगीत गरेको गीतमा धिरज खत्रि, अस्मिता पुरी, रेसम के.सी र नीसा सेरेस मगरको अभिनय रहेको छ ।

तिर्सना फिल्मस नेपाल युट्युब च्यानलबाट सार्वजनिक भएको गीतको निर्देशन राजन महर्जनले गरेका छन् भने केसव अधिकारीले छायाङ्कन गरेको भिडियोलाई हुम गैरेले सम्पादन गरेका छन् ।

# "रंगी" समाजको कथा हो : सलोन बस्नेत

अभिनेता सलोन बस्नेतको नीजि जीवन र करिअरमा नयाँ अध्याय सुरु भएको छ । गत बैशाखमा उनी छोरीको पिता बने । यसपछि आफैंले पहिलो पटक फिल्म निर्माण गरेका छन् । त्यो फिल्म हो, 'रंगी' । यसमा उनी छोरीको पिताकै भूमिकामा छन् । फिल्ममा पहिलो पटक उनले बाबुको भूमिकामा अभिनय गरेका हुन् । यसैले पनि 'रंगी'लाई उनको करिअरको दोस्रो इनिङ मानिएको छ ।



सलोन आफैं 'रंगी'बाट करिअरको ' दोस्रो इनिङ' सुरु भएको स्वीकार गर्छन्।आइतबार पत्रकार भेटघाटमा उनले भने, 'म चाहन्छु कि यो दोस्रो इनिङ नै होस् । मेरो व्यक्तिगत जीवनमा फरक पाटो सुरु भएको छ । करिअरमा पनि त्यही होस् भन्ने चाहन्छु । एकै किसिमको काम गर्दागर्दा कति गर्ने भन्ने सोचमा म पुगिसकेको थिएँ । दर्शकहरुलाई केही फरक दिउँ भनेर नै 'रंगी' बनाएको हुँ ।'

सलोन 'रंगी'लाई समाजको कथा भन्न रुचाउँछन् । राम्रो हुँदा वा नराम्रो हुँदा समाजले कसरी हेर्छ भन्ने कुरा फिल्ममा रहेको उनको भनाइ छ । भन्छन्, 'एउटा व्यक्तिको जीवनमा राम्रो र नराम्रो अवस्था दुवै आउँछ । यतिबेला उसलाई समाजले कसरी हेर्छ ? यिनै चिजलाई फिल्मले देखाउनेछ । यसअर्थ 'रंगी' समाजको कथा हो ।' फिल्मले बाबुको भावनात्मक पक्ष पनि देखाउने उनले बताए ।

'रंगी'को कथा भने फेसबुकमा आएको एउटा भिडियोबाट जन्मिएको रहेछ, जहाँ 'फूड डेलिभरी' गर्ने व्यक्तिलाई काठमाडौँको कुनै एक ठाउँमा गाडीले ठक्कर दिएको थियो । रगताम्मे हुँदा पनि ती व्यक्ति भनिरहेका थिए रे, 'मेरो डेलिभरी यही नजिकै छ, पुर्‍याएर आउँछु अनि हस्पिटल जाउला ।' त्यो कुराले सलोनलाई निकै छोएछ । यही घटनाले फिल्मको कथा जन्मिएको उनी स्मरण गर्छन् ।

'जागिरबाट उहाँलाई सीमित पैसा आउँथ्यो होला । तर, स्वास्थ्य भनेको त सबैभन्दा माथि आउँछ,' उनले भने, 'जुन इमोसन मैले त्यो भिडियोमा देखें, त्यसपछि निर्देशक (सुरेश न्यौपाने)सँग यो विषयमा फिल्म बनाउनुपर्छ भनेर कुरा गरेको थिएँ । त्यहाँबाट फिल्मको काम सुरु भएको हो । यदि त्यो भिडियो नदेखेको भए 'रंगी' बन्दैन थियो होला । हामी अर्कै एक फिल्मको तयारी गरिरहेका थियौं ।'

सलोनले 'रंगी' छोरी जन्मिएपछि गरेका हुन् । यसैले पनि बाबुको क्यारेक्टरमा ढल्न आफूलाई सहज भएको उनी बताउँछन् । 'छोरी जन्मिएपछि मलाई क्यारेक्टरमा छिर्न अझ सजिलो भयो । वास्तविक जीवनमा म जुन कुरा महसुस गर्थें, फिल्मभित्र क्यारेक्टरले पनि त्यही महसुस गर्छ,' उनले भने । आगामी फागुन २ गतेबाट प्रदर्शन हुन लागेको फिल्मले दर्शकको मन छुनेमा सलोन विश्वस्त छन् ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- २५, २०८१ साल माघ २९ गते मंगलबार (Feb 11, 2025)

# नेपालको अटोमोवाइल क्षेत्रलाई बलियो बनाउन एनएभिटी र एनएडिएविच सहमती



**काठमाडौं–** काठमाण्डौमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान (एनएभिटी) र नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपाल (एनएडिए) का प्रतिनिधिहरु विच नेपालको अटोमोवाइल क्षेत्रमा कुशल श्रमिक र रोजगारीको बढ्दो माग पूरा गर्न तीन वटा क्षेत्रमा पारस्परिक सहकार्य गर्ने सहमती भएको छ ।

१. त्यसका लागि आवश्यक पाठ्यक्रम निर्माण, तालिम कार्यक्रम, र रोजगारीका लागि अवसरहरु सृजनागरी आवश्यक सुधार समेत गर्ने ।

२. दुवै सस्ंथाहरुले नेपालको अटोमोबाइल उद्योगहरुको वृद्धिका लागि नविनतम अध्ययन अनुसन्धानलाई अघि बढाउने ।

३. यस्तोपारस्परिक सहकार्य मार्फत उद्योगकोआवश्यकताहरु र कर्मचारीहरुकोक्षमता बीचकोखाडल पूरा गर्ने ।

४. लेवल एक बाट तालिमको शुरुआत गर्ने र क्रमसः लेवेल दुईमा जाने ।

५. आवश्यकता अनुसार पाठयक्रम बनाउने र त्यसका लागि आवश्यक ओरिएण्टेशन दिलाउने ।

६ . तालिम र पाठयक्रम निर्माणका लागि एनएभिटीलेएनएडिएसंग सहमतीगरी (एमओय) अघि बढने ।

उक्त छलफलमा नाडाकातर्फबाट अध्यक्ष करणकुमार चौधरी, उपाध्यक्ष राजनबाबु श्रेष्ठ र महासचिव सुरेन्द्रकुमार उप्रेती समेतको उपस्थित थियो ।

दुई निकायहरुविच भएको यस्तो एतिहासिक पारस्परिक सहमतीले अटोमोबाइल क्षेत्रमा योग्य र सक्षम श्रमिकहरुको आपूर्तिमा निरन्तरता र सहजता आउने अपेक्षा समेत राखिएकोछ ।

# एमएडब्लूले जित्यो डिलर अफ द इयर अवार्ड

**काठमाडौं–** असाधारण बिक्री, बजार हिस्सा र ग्राहक सन्तुष्टि लगायतका उपलब्धिहरूको कदर स्वरूप द एमएडब्लू अर्थमुभर्स प्रा.लि.ले दक्षिण एसिया क्षेत्रका लागि डिलर अफ दइयर २०२५ प्राप्त गर्न सफल भएको छ ।

अवार्डले निशर्त प्रतिबद्धता र बलियो ग्राहक सम्बन्धद्वारा निर्मित उत्कृष्ट प्रदर्शनलाई प्रतिबिम्बित गर्दछ । यो उपलब्धि हासिल गर्न आवश्यक पर्ने निरन्तरको सहयोगका लागि हाम्रा सेवाहरूमा विश्वास राख्ने सबै ग्राहकहरू हृदयदेखि नै धन्यवादका पात्र हुन् ।

जेसीबी इन्डिया लिमिटेडलाई सफलतातर्फ डोर्‍याउने कार्यकारीहरू ग्राहम म्याकडोनाल्ड र दीपक शेट्टीले संस्थाका तर्फबाट उक्त अवार्ड प्रदान गरेका थिए ।

नवप्रवर्तन र उत्कृष्ट सेवाहरूप्रति कम्पनीको समर्पणले सबै सरोकारवालाहरूलाई असाधारण मूल्य प्रदान गर्दै उद्योगका मापदण्डहरू अझै उच्च बनाउन उत्प्रेरित गरेको छ ।




# जनकपुरदेखि सिन्धुलीसम्म पुगे रोयल इनफिल्ड राइडरहरू

**काठमाडौं–** सडक सुरक्षा प्रोत्साहन गर्न 'रोयल इनफिल्ड महा राइड'को आयोजना गरिएको छ । जनकपुरस्थित शोरुमदेखि सिन्धुलीसम्मको राइडमा ६१ जना रोयल इनफिल्ड राइडरहरू सहभागी रहेको अल्फा अटोमोटिभ प्रालिका ब्राण्ड तथा बजार प्रबन्धक बिश्रान्त कोइरालाले जानकारी दिए ।

राइडको मुख्य उद्देश्य सडक सुरक्षा, आन्तरिक पर्यटन प्रवर्धन, अनुशासित राइड, भ्रातृत्व विकास र रोयल इनफिल्ड समुदायलाई सुदृढ बनाउनु रहेको कोइरालाले बताए ।

यसको औपचारिक उद्धाटन मधेश प्रदेश यातायात मन्त्रालयका सचिव रन्जित यादवले गरेका थिए । साथै कार्यक्रमको झण्डोत्तोलन अल्फा अटोमोटिभका निर्देशक मेघराज पौडेल, नेसनल कार्ट हेड दीपेश श्रेष्ठ र नारायणी मोटर्सका निर्देशक अभिषेक गोयन्काले गरेको उनले जनाए ।

रोड क्याप्टेन विमल श्रेष्ठको नेतृत्वमा राइडरहरूले अनुशासित रुपमा यात्रा गरेको कोइरालाको भनाइ छ ।

# केटीएम ३९० एडभेन्चर र रोयल इन्फिल्ड हिमालयन ४५०

**काठमाडौं–** नेपाली बजारमा आएका केटीएम ३९० एडभेन्चर र रोयल इन्फिल्ड हिमालयन ४५० नयाँ बाइकहरु हुन् । पावरफुल मोटरसाइकल रोज्नेहरुको छनोटमा पर्ने दुवै मोडलका विशेषताहरू फरक छन् ।

केटीएम ३९० एडभेन्चर एक शक्तिशाली र फिचरले भरिएको मोटरसाइकल हो । यो सडक र अफ-रोड दुवैका लागि उपयुक्त छ । रोयल इन्फिल्ड हिमालयन ४५० एक आरामदायी र अफ-रोड-केन्द्रित मोटरसाइकल हो । यो लामो दूरीको यात्राको लागि उपयुक्त छ ।

केटीएम ३९० एडभेन्चरमा सिंगल सिलिन्डर लिक्वीड कुल्ड ३९९ सीसी क्षमता इन्जिन छ भने सिंगल सिलिन्डर लिक्वीड कुल्ड ४५२ सीसी क्षमताको इन्जिन हिमालयनमा छ ।

यस्तै केटिएम ३९० मा भएको उक्त इन्जिनले ६ हजार ५०० आरपीएममा ३९ एनएम टर्क उत्पादन गर्छ । साथै ८ हजार आरपीएममा ४६ हर्सपावर प्रदान गर्छ ।

हिमालयन ४५० मा भएको इन्जिनले भने ५ हजार ५०० आरपीएममा ४० एनएम टर्क उत्पादन गर्छ भने ८ हजार आरपीएममा ४० हर्सपावर प्रदान गर्छ । यसरी हेर्दा केटीएम ३९० एडभेन्चरले हिमालयन ४५० को इन्जिनले भन्दा ६ हर्सपावर धेरै प्रदान गर्छ । यस्तै केटीएम ३९० को पावर टु वेट रेसियो पनि धेरै छ ।

केटीएम ३९० एडभेन्चर रोयल इन्फिल्ड भन्दा १३ केजी हलुका छ ।

सिटको उचाइ केटीएम ३९० को ८३० एमएम छ भने हिमालयनको ८२५ देखि ८४५ एमएमसम्मको छ । यस्तै ग्राउन्ड क्लियरेन्स हिमालयन ४५० मा २३० एमएम र केटीएम ३९० को २२७ एमएम मात्रै छ । जुन



हिमालयन ४५० मा भन्दा ३ एमएम कम हो ।

फ्युल स्टोरेज ट्यांक केटीएममा १४.५ लिटरको छ भने हिमालयन ४५० मा साढे २ लिटर धेरै स्टोरेज क्षमता छ । जसमा १७ लिटर फ्युल स्टोरेज हुन्छ ।

यस्तै केटीएम ३९० मा ३२० एमएमको अगाडि र २४० एमएमको पछाडि दुवै डिस्क ब्रेक छन् । हिमालयन ४५० मा अगाडि ३३० एमएम र पछाडि २७० एमएमको डिस्क ब्रेक नै छ ।

ट्राभल सस्पेन्सन भने दुवै बाइकमा २०० एमएमको युएसडी फोर्क र २०० एमएमको मोनोशक प्रदान गरिएको छ । साथै टायर साइज पनि उस्तै अगाडि २१ इन्च र पछाडि १७ इन्चको प्रयोग गरिएको छ ।

यसैगरी, केटीएम ३९० मा ५ इन्च र हिमालयन ४५० मा ४ इन्चको कलर डिस्प्ले भएको ड्यास छ । यस्तै दुबैमा फोन कनेक्टिभीटी गर्न सकिन्छ । राइडिङ मोडहरुमा केटिएम ३९० मा स्ट्रिट, रेन र अफ-रोड उपलब्ध छ भने हिमालयन ४५० मा ईको, एबिएस अफ ईको, पफ्रमेन्स, पफ्रमेन्स एबीएस अफ रहेका छन् ।

केटीएम ३९०९ मा क्रुज कन्ट्रोल उपलब्ध छ भने हिमालयन ४५० मा उक्त सुविधा छैन ।

सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं ।

सार्वजनिक निकायले:
- अनिवार्य रुपमा सूचना अधिकारी तोकौं,
- सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
- माग गरिने सूचना सहज रुपमा समयमै उपलब्ध गराऔं,

सूचना मागकर्ताले:
- सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
- सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
- प्राप्त सूचनाको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार